
# लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव

# अध्ययन प्रतिवेदन




नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय
२०८०

## प्राक्कथन

नेपालको क्रमिक रुपमा बढ्दै गएको व्यापारघाटा पूर्ति गर्ने वित्तीय स्रोतको रुपमा विप्रेषणको अहम् भूमिका रहेको छ । सेवा क्षेत्र अन्तर्गत रहेको विप्रेषण आम्दानी वर्षेनी बढ्दै गई आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा २२.७० प्रतिशत कायम रहेतापनि समग्र सेवा क्षेत्रले व्यापार घाटालाई पूर्ति गर्न सकेको छैन । विप्रेषण रकमलाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी त्यसबाट रोजगारी सृजना गर्दै दिगो आर्थिक विकास हासिल गर्न सहयोग पुऱ्याउन सकियोस भनी नेपाल सरकारबाट पञ्चवर्षीय योजना, आवधिक बजेट तथा विविध नीतिगत व्यवस्थाहरु मार्फत यथेष्ट प्रयासहरु गरिएको देखिन्छ । त्यसैगरी औपचारिक माध्यमबाट विप्रेषण रकम भित्र्याउन प्रोत्साहन गर्ने उद्देश्यले विप्रेषण रकमबाट प्राप्त निक्षेपमा बैंक तथा वित्तीय संस्थाहरुले प्रकाशन गरेको व्याजदरभन्दा कम्तीमा एक प्रतिशत बिन्दुले बढी व्याजदर कायम गर्नुपर्ने गरी नेपाल राष्ट्र बैंकबाट नीतिगत व्यवस्था समेत भइसकेको छ । विगतमा गरिएका यस्ता विविध प्रयासबाट क्रमशः बढ्दै गएको विप्रेषण आम्दानीले वैदेशिक रोजगारीमा गएका परिवारमा के कस्ता आर्थिक तथा सामाजिक परिवर्तन आयो भनी समय समयमा अध्ययन र विश्लेषण गरिनु आवश्यक हुन्छ । यसबाट  राज्यका निकायहरुले लिएका कानूनी तथा नीतिगत व्यवस्थामा पृष्ठपोषण प्राप्त भई भविष्यमा चालिने नीतिहरुलाई अझ बढी परिष्कृत बनाउन सहयोग पुग्ने हुन्छ । यसै सन्दर्भमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले **"लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव"** शीर्षकमा अध्ययन सम्पन्न गरेको छ । यस अध्ययनको मुख्य उद्देश्यको रुपमा लुम्बिनी प्रदेशको वैदेशिक रोजगारीको प्रकृति एवम् वर्गीकरण र वैदेशिक रोजगारीले श्रमिकहरुको घरपरिवारमा के कस्ता किसिमका आर्थिक एवम् सामाजिक प्रभावहरु पारेको छ सोको अध्ययन गरी सुझाव प्रस्तुत गर्ने रहेको छ ।

यो अध्ययन प्रतिवेदन मुख्यतः वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा परिवारलाई सोधिएको प्रश्नहरुबाट प्राप्त प्राथमिक तथ्याङ्कको आधारमा सम्पन्न गरिएको छ । वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्थामा पारेको प्रभाव अध्ययन गर्न आय, बचत, खर्चसँग सम्बन्धित विषयहरु राखिएको छ भने सामाजिक प्रभावको अध्ययन गर्न स्वास्थ्य, शिक्षा, घर संरचना लगायतका विषयहरु राखिएको छ । अध्ययन प्रतिवेदनले वैदेशिक रोजगारीका कारण परिवारको आर्थिक अवस्थामा उल्लेख्य सुधार आएको देखाएको छ । यस प्रतिवेदनले वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमको विविध शीर्षकहरुमा गर्ने खर्च तथा बचतको स्थिति, लगानी एवम् परिवारमा पारेको आर्थिक तथा सामाजिक प्रभावलाई तथ्याङ्कीय एवम् व्याख्यात्मक रुपमा विश्लेषण गरेको छ । यो अध्ययन वैदेशिक रोजगारीसँग सम्बन्धित सरकारी एवम् गैर सरकारी संस्थाहरु, पाठक वर्ग, विद्यार्थी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस अध्ययनलाई अन्तिम रुप दिन मार्गदर्शन गर्नुहुने नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभाग लगायत सम्पूर्णप्रति आभार प्रकट गर्न चाहन्छु । अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने वैदेशिक रोजगारीसँग सम्बन्धित परिवारका सदस्यहरु, स्थानीय निकाय तथा सरोकारवालाहरु, रेमिट एजेन्सी र बैंक तथा वित्तीय संस्थाहरुलाई समेत धन्यवाद दिन चाहन्छु । साथै, यस अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न खटिनु हुने उप-निर्देशक छविलाल घिमिरे, सहायक निर्देशकहरु सुसिल खनाल, सन्तोष गुप्ता, देवराज ज्ञवाली र मनिष श्रीवास्तव, प्रधान सहायकद्धय पदम राज भुसाल र कमल प्रसाद आचार्य र सहायक दिक्षा अर्याललाई विशेष धन्यवाद दिन चाहन्छु ।

**सत्येन्द्र राज सुवेदी**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक**
**सिद्धार्थनगर कार्यालय**

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| | **विषय-सूची** | | i-ii |
| | **तालिका तथा चार्ट** | | ii-iii |
| | **कार्यकारी सारांश** | | iv-vi |
| **परिच्छेद १** | **अध्ययन परिचय** | | १–३ |
| | १.१ | पृष्ठभूमि | १ |
| | १.२ | अध्ययनको उद्देश्य | २ |
| | १.३ | अध्ययनको औचित्य तथा महत्व | २ |
| | १.४ | अध्ययनको सीमा | २ |
| | १.५ | अध्ययन प्रतिवेदनको ढाँचा | ३ |
| **परिच्छेद २** | **कृति समीक्षा** | | ४–५ |
| | २.१ | नेपालमा भएका अध्ययनहरु | ४ |
| | २.२ | अन्तर्राष्ट्रिय अध्ययनहरु | ५ |
| **परिच्छेद ३** | **अध्ययन विधि** | | ६–८ |
| | ३.१ | नमूना छनौट विधि | ६ |
| | ३.२ | तथ्याङ्क संकलन विधि | ७ |
| **परिच्छेद ४** | **तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण** | | ९–२६ |
| | ४.१ | विप्रेषण आप्रवाह तथा कुल गार्हस्थ्य उत्पादनमा अनुपात | ९ |
| | ४.२ | लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीको अवस्था | ९ |
| | ४.३ | उमेर र लिङ्गगत संरचना | १० |
| | ४.४ | शैक्षिक योग्यता | ११ |
| | ४.५ | वैवाहिक अवस्था | ११ |
| | ४.६ | परिवारको किसिम | ११ |
| | ४.७ | वैदेशिक रोजगारीका गन्तव्य मुलुक | १२ |
| | ४.८ | वैदेशिक रोजगारीमा रहेको अवधि | १३ |
| | ४.९ | वैदेशिक रोजगारीमा जानुका कारण | १३ |
| | ४.१० | वैदेशिक रोजगारीमा जानुपूर्व सीपमूलक तालिम र पेशामा आबद्धता | १४ |
| | ४.११ | वैदेशिक रोजगारीमा पेशागत आबद्धता | १४ |
| | ४.१२ | आर्थिक सूचकहरु | १५ |
| | ४.१३ | आम्दानी स्तर | १५ |
| | ४.१४ | वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च | १६ |
| | ४.१५ | वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च व्यवस्थापन | १७ |
| | ४.१६ | सम्झौता अनुसारको काम तथा तलब | १७ |
| | ४.१७ | विप्रेषण आप्रवाहको माध्यम | १८ |
| | ४.१८ | आम्दानी, खर्च र बचतको अवस्था | १८ |
| | ४.१९ | विप्रेषण बचत रकमको लगानी | १९ |
| | ४.२० | पारिवारिक खर्चको अवस्था | १९ |
| | ४.२१ | भुक्तानीको माध्यम | २० |
| | ४.२२ | बैंक खाताको अवस्था | २० |
| | ४.२३ | खर्च तथा बचत लगानीको निर्णय | २१ |
| | ४.२४ | घरको संरचनागत परिवर्तन | २१ |

| | | | |
|---|---|---|---|
| | ४.२५ | यातायातका साधनहरुको प्रयोग | २२ |
| | ४.२६ | सञ्चारका साधनहरुको प्रयोग | २२ |
| | ४.२७ | घरायसी सरसामानहरुको प्रयोग | २३ |
| | ४.२८ | बाल–बच्चाहरुको स्याहार–सुसार/पालन पोषणको अवस्था | २३ |
| | ४.२९ | स्वास्थ्य सेवामा पहुँचको अवस्था | २४ |
| | ४.३० | स्वास्थ्य बीमा | २४ |
| | ४.३१ | स्वास्थ्य बीमाको जिल्लागत विश्लेषण | २४ |
| | ४.३२ | खानेपानीको प्रयोग | २५ |
| | ४.३३ | पारिवारिक तथा सामाजिक प्रभाव | २५ |
| | ४.३४ | संघ/संस्थाहरुमा आबद्धता | २६ |
| **परिच्छेद ५** | **निष्कर्ष तथा सुझावहरु** | | २७–२८ |
| | ५.१ | निष्कर्ष | २७ |
| | ५.२ | सुझावहरु | २८ |
| | **सन्दर्भ सामग्री** | | २९ |
| | **अनुसूची १** | | ३० |
| | **अनुसूची २,३ र ४** | | ३३–४३ |

| **तालिका-सूची** | **पेज नं.** |
|---|---|
| तालिका ३.१: नमूना छनौट तालिका | ७ |
| तालिका ३.२: जिल्लागत तथ्याङ्क संकलन तालिका | ८ |
| तालिका ४.१: विप्रेषण आप्रवाह तथा कुल गार्हस्थ्य उत्पादनमा अनुपात | ९ |
| तालिका ४.२: लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीको अवस्था | १० |
| तालिका ४.३: उमेर तथा लिङ्गगत संरचना | १० |
| तालिका ४.४: वैवाहिक अवस्था | ११ |
| तालिका ४.५: वैदेशिक रोजगारीमा पेशागत आबद्धता | १४ |
| तालिका ४.६: आर्थिक सूचकहरु | १५ |
| तालिका ४.७: खर्च तथा बचत लगानीको निर्णय | २१ |
| तालिका ४.८: बाल-बच्चाहरुको स्याहार- सुसार/पालन पोषणको अवस्था | २३ |
| तालिका ४.९: स्वास्थ्य बीमाको जिल्लागत विश्लेषण | २५ |
| तालिका ४.१०: पारिवारिक तथा सामाजिक प्रभाव (प्रतिशत) | २६ |
| तालिका ४.११: संघ संस्थाहरुमा आबद्धता | २६ |
| **चार्ट-सूची** | **पेज नं.** |
| चार्ट ४.१: शैक्षिक योग्यता | ११ |
| चार्ट ४.२: परिवारको किसिम | १२ |
| चार्ट ४.३: वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरु | १२ |
| चार्ट ४.४: वैदेशिक रोजगारीमा रहेको अवधि | १३ |
| चार्ट: ४.५: वैदेशिक रोजगारीमा जानुको कारण | १३ |
| चार्ट ४.६: वैदेशिक रोजगारीमा जानुपूर्व सीपमूलक तालिम र पेशामा आबद्धता | १४ |
| चार्ट ४.७: आम्दानी स्तर | १६ |
| चार्ट ४.८: वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च | १६ |
| चार्ट ४.९: वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च व्यवस्थापन | १७ |

| | |
|---|---|
| चार्ट ४.१०: सम्झौता अनुसारको काम तथा तलब | १७ |
| चार्ट ४.११: विप्रेषण आप्रवाहको माध्यम | १८ |
| चार्ट ४.१२: आम्दानी, खर्च र बचतको अवस्था | १८ |
| चार्ट ४.१३: विप्रेषण बचत रकमको लगानी | १९ |
| चार्ट ४.१४: पारिवारिक खर्चको अवस्था | १९ |
| चार्ट ४.१५: भुक्तानीको माध्यम | २० |
| चार्ट ४.१६: बैंक खाताको अवस्था | २० |
| चार्ट ४.१७: घरको संरचनागत परिवर्तन | २१ |
| चार्ट ४.१८: यातायातका साधनहरुको प्रयोग | २२ |
| चार्ट ४.१९: सञ्चारका साधनहरुको प्रयोग | २२ |
| चार्ट ४.२०: घरायसी सरसामानहरुको प्रयोग | २३ |
| चार्ट ४.२१: स्वास्थ्य सेवामा पहुँचको अवस्था | २४ |
| चार्ट ४.२२: स्वास्थ्य बीमा | २४ |
| चार्ट ४.२३: खानेपानीको प्रयोग | २५ |

## कार्यकारी सारांश

- नेपालका धेरैजसो उत्पादनशील जनशक्ति वैदेशिक रोजगारीमा आबद्ध भएको वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै वैदेशिक रोजगारीबाट आप्रवाह भएको विप्रेषणले लुम्बिनी प्रदेशमा पारेको आर्थिक तथा सामाजिक प्रभावको बारेमा अध्ययन गरी यो सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ ।
- यस अध्ययनमा लुम्बिनी प्रदेश अन्तर्गतका **५ वटा जिल्लाहरु** (गुल्मी, अर्घाखाँची, पाल्पा, रुपन्देही र रोल्पा) बाट वैदेशिक रोजगारीमा गएका **३८३ परिवारहरुको** स्थलगत सर्वेक्षण गरिएको छ जसको लैङ्गिक हिसावले विश्लेषण गर्दा पुरुष **९४.० प्रतिशत** तथा महिला **६.० प्रतिशत** रहेका छन् भने वैवाहिक अवस्थाको आधारमा विवाहित **८५.९० प्रतिशत** र अविवाहित **१४.१० प्रतिशत** रहेका छन् ।
- यस अध्ययनमा Convenient Sampling र Snowball Sampling का आधारमा वैदेशिक रोजगारीमा गएका परिवारको छनौट गरी उपलब्ध पारिवारिक सदस्यबाट Likert Scale प्रश्नावलीका आधारमा वैदेशिक रोजगारीले सम्बन्धित परिवारको आर्थिक तथा सामाजिक अवस्थामा पारेका विभिन्न प्रभावहरु सम्बन्धी धारणा लिई विश्लेषण गरिएको छ ।
- नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको आर्थिक वर्ष २०७९/८०को वार्षिक तथ्याङ्क अनुसार विगत दश वर्षको विप्रेषण आप्रवाह विश्लेषण गर्दा आर्थिक वर्ष २०७०/७१ मा **रु. ५ खर्ब ४३ अर्ब २९ करोड** विप्रेषण रकम नेपाल भित्रिएकोमा यो रकम वार्षिक औसत **११.१३ प्रतिशत**ले वृद्धि भई आर्थिक वर्ष २०७९/८० सम्म आईपुग्दा **रु. १२ खर्ब २० अर्ब ५५ करोड** पुगेको देखिन्छ जुन सोही वर्षको कुल गार्हस्थ्य उत्पादनमा **२२.७० प्रतिशत** हुन आउँछ ।
- वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालबाट श्रम स्वीकृति लिनेको सङ्ख्या आर्थिक वर्ष २०७८/७९ को तुलनामा **२२.४२ प्रतिशत**ले वृद्धि भई **७ लाख ७१ हजार ३ सय २७** पुगेको छ । त्यसैगरी लुम्बिनी प्रदेशबाट वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संङ्ख्या आर्थिक वर्ष २०७८/७९ को तुलनामा आर्थिक वर्ष २०७९/८० मा **८.५५ प्रतिशत**ले वृद्धि भई **१ लाख ३६ हजार ९ सय ८४** पुगेको छ । यो सङ्ख्या श्रम स्वीकृति लिने कुल सङ्ख्याको **१७.७६ प्रतिशत** हो ।
- अध्ययन अनुसार वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको शैक्षिक अवस्था हेर्दा आधारभूत, माध्यमिक, स्नातक र स्नातकोत्तर वा सो भन्दा माथि अध्ययन गरेका व्यक्तिहरु क्रमशः **४०.७३ प्रतिशत, ४३.०८ प्रतिशत, १३.३२ प्रतिशत र २.८७ प्रतिशत** रहेको देखिन्छ ।
- अध्ययन अनुसार वैदेशिक रोजगारीको प्रमुख गन्तव्य मुलुकहरुमध्ये सबैभन्दा बढी **यूएईमा २४.२८ प्रतिशत** र सबैभन्दा कम **ओमन तथा बहराइन दुवैमा १.८३ प्रतिशत** वैदेशिक रोजगारीका लागि गएका छन् ।
- अध्ययनमा समेटिएका परिवारहरुमध्ये वैदेशिक रोजगारी अन्तर्गत ५ वर्षभन्दा कम अवधि काम गर्ने **३६.८२ प्रतिशत** र ५ वर्षभन्दा बढी काम गर्ने **६३.१८ प्रतिशत** रहेका छन् । वैदेशिक रोजगारीमा जानुपर्ने कारणहरुमध्ये पारिवारिक आर्थिक अवस्था सुधार्न जाने सबैभन्दा बढी अर्थात **४१.८० प्रतिशत** रहेका छन् ।
- अध्ययनमा समेटिएका वैदेशिक रोजगारीमा संलग्नमध्ये **सीपमूलक तालिम नलिई जाने ७६.० प्रतिशत** रहेका छन् भने **तालिम लिएर जाने २४.० प्रतिशत** रहेका छन् । त्यस्तै वैदेशिक रोजगारीमा जानुपूर्व स्वदेशमा कुनै पेशामा आबद्ध रहेका र आबद्ध नरहेका व्यक्तिहरु क्रमशः **४०.० प्रतिशत र ६०.० प्रतिशत** रहेका छन् ।
- अध्ययन अनुसार वैदेशिक रोजगारीबाट वार्षिक ५ लाखसम्म, ५ देखि १० लाखसम्म र १० लाख भन्दा माथि आय–आर्जन गर्नेहरु क्रमशः **४२.३० प्रतिशत, ३९.६९ प्रतिशत र १८.०१ प्रतिशत** रहेका छन् ।

- वैदेशिक रोजगारीमा जाँदा रु.१ लाखसम्म, रु.१ लाख देखि २ लाखसम्म, रु.२ लाख देखि ३ लाखसम्म, रु.३ लाख देखि ४ लाखसम्म र रु.४ लाखभन्दा माथि खर्च गरेर जानेहरु क्रमशः **२२.५० प्रतिशत, ४२.० प्रतिशत, १४.९ प्रतिशत, ४.७० प्रतिशत र १५.९० प्रतिशत** रहेको अध्ययनले देखाएको छ ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकहरुमध्ये **१५.१० प्रतिशत**ले मात्र रोजगारीमा जाँदा लागेको खर्चको व्यवस्थापन बैंक/वित्तीय संस्थाबाट गरेका छन् भने **८४.९० प्रतिशत**ले ऋण/सापटी गरेर सो खर्चको व्यवस्थापन गर्ने गरेको अध्ययनले देखाएको छ ।
- अध्ययनमा समेटिएका नमूना परिवारहरुले वैदेशिक रोजगारीबाट आर्जन गरेको रकममध्ये दैनिक उपभोग, शिक्षा/स्वास्थ्य, ऋण तिर्न र मनोरञ्जन तथा अन्यमा क्रमशः **५८.७८ प्रतिशत, २२.४८ प्रतिशत, १०.०७ प्रतिशत र ८.६७ प्रतिशत** खर्च गर्ने गरेको देखिन्छ ।
- अध्ययनमा समेटिएका नमूना परिवारहरुमध्ये **९६.६१ प्रतिशत** परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको छ । त्यस्तै, **९६.०८ प्रतिशत** परिवारको चाडपर्व/मनोरञ्जन/सामाजिक खर्च समेत बढेको पाईएको छ । लगानीको अवस्था हेर्दा व्यापार व्यवसाय, घर/घडेरी र गरगहनामा क्रमशः **६८.२१ प्रतिशत, ६५.८० प्रतिशत** र **६३.१९ प्रतिशत** परिवारको लगानी विस्तार भएको पाईएको छ ।
- अध्ययनमा समेटिएका वैदेशिक रोजगारीमा संलग्न परिवारहरुमध्ये **८८.२५ प्रतिशत** परिवारले बचत रकम बढेको बताएका छन् । त्यस्तै **उक्त** परिवारमध्ये **१३.०५ प्रतिशत**ले खेतीयोग्य जमिन बढेको, **५१.४४ प्रतिशत**ले खेतीयोग्य जमिन यथावत् रहेको तथा **३५.५१ प्रतिशत**ले खेतीयोग्य जमिन घटेको बताएका छन् ।
- वैदेशिक रोजगारीमा गएका श्रमिकहरुमध्ये **९७.६५ प्रतिशत**ले बैंकिङ्ग माध्यमको प्रयोग गरी विप्रेषण रकम नेपालमा पठाउने गरेको पाइयो भने **२.३५ प्रतिशत**ले गैर बैंकिङ्ग माध्यमबाट रकम पठाउने गरेको यस अध्ययनले देखाएको छ ।
- वैदेशिक रोजगारीमा संलग्न परिवारका सदस्यहरुमध्ये **८६.० प्रतिशत**ले आर्थिक कारोवार गर्न विद्युतीय माध्यम तथा चेकको प्रयोग गर्ने गरेको पाइयो भने **१४.० प्रतिशत** परिवारले आजको अवस्थासम्म पनि नगद मात्र प्रयोग गरेको पाइयो ।
- वैदेशिक रोजगारीमा गए पश्चात् संलग्न परिवारका सदस्यहरुको बचत खाता तथा कर्जा खाता सङ्ख्यामा क्रमश : **३९.५८ प्रतिशत** तथा **१३०.६५ प्रतिशत**ले वृद्धि भएको देखिएको छ । त्यस्तै, वैदेशिक रोजगारी जानुपूर्व बैंकमा कुनै पनि खाता नरहेको परिवार सङ्ख्या **३७.०८ प्रतिशत** रहेकोमा सो सङ्ख्यामा उल्लेख्य सुधार आई रोजगारीमा गए पश्चात् बैंक तथा वित्तीय संस्थामा कुनैपनि खाता नरहेको परिवारको सङ्ख्या घटेर **०.५२ प्रतिशत**मा खुम्चिएको अध्ययनले देखाएको छ ।
- अध्ययन अनुसार वैदेशिक रोजगारीमा गएकामध्ये **६४.४९ प्रतिशत**ले नँया घर निर्माण, तल्ला थप तथा अन्य संरचनागत परिवर्तन गरेका छन् भने **३५.५१ प्रतिशत**ले कुनै पनि संरचनागत परिवर्तन नगरेको देखिन्छ ।
- वैदेशिक रोजगारीमा गए पश्चात् आधुनिक सञ्चार माध्यममा पहुँच भएको परिवारको सङ्ख्यामा उल्लेख्य सुधार आई **९८.९६ प्रतिशत** पुगेको छ । बाँकी **१.०४ प्रतिशत** परिवारले पनि सामान्य सञ्चार माध्यमको प्रयोग गर्ने गरेका छन् । त्यसैगरी, वैदेशिक रोजगारीमा जानुपूर्व गुणस्तरीय खानेपानीको प्रयोग गर्ने परिवार **५६.९२ प्रतिशत** रहेकोमा सोमा वृद्धि भई **७९.६३ प्रतिशत** पुगेको छ भने बाँकी **२०.३७ प्रतिशत** परिवार अझै पनि परम्परागत खानेपानीको प्रयोगमा निर्भर रहेको अध्ययनले देखाएको छ ।

- अध्ययनमा समेटिएका परिवारहरुमध्ये वैदेशिक रोजगारीमा गएका सदस्यहरुको बालबच्चाको स्याहार–सुसार **८२.२४ प्रतिशत** परिवारमा आमा/बुवा, एकाघर परिवारका सदस्य लगायत आफन्तहरुले गर्ने गरेका छन् भने नगण्य रुपमा अर्थात **०.५२ प्रतिशत** वोर्डस/होस्टेलमा समेत राख्ने गरेको देखिन्छ । त्यसैगरी नमूना सर्वेक्षणमा छनौट भएका सदस्यहरु मध्ये **१७.२४ प्रतिशत** अविवाहित एवम् बालबच्चा नभएका देखिन्छन् ।
- वैदेशिक रोजगारीमा रहेका **शत प्रतिशत** परिवारका सदस्यको **निजी तथा सरकारीस्तरका** स्वास्थ्य सेवा/सुविधाहरुमा पहुँच रहेको देखिन्छ । त्यसैगरी, वैदेशिक रोजगारीमा गएका **४८.० प्रतिशत** घर परिवार स्वास्थ्य बीमामा आबद्ध भएको देखिन्छ । जिल्लागत रुपमा वैदेशिक रोजगारीमा गएका परिवारको स्वास्थ्य बीमामा आबद्धता **गुल्मी जिल्लामा सबैभन्दा धेरै ६९.२३ प्रतिशत र रोल्पा जिल्लामा सबैभन्दा कम २१.०५ प्रतिशत** रहेको अध्ययनबाट देखिन्छ ।
- अध्ययनमा समेटिएका नमूनाहरुमध्ये **३७.९६ प्रतिशत** परिवारको वैदेशिक रोजगारीमा गए पश्चात् सम्बन्ध सुधार भएको देखिन्छ । त्यस्तै, **५४.२८ प्रतिशत** परिवारको सम्बन्ध यथावत् रहेको छ भने **७.७६ प्रतिशत** परिवारको सम्बन्ध कमजोर तथा बिग्रिएको देखिन्छ ।
- वैदेशिक रोजगारीमा जानुपूर्व लघुवित्त, सहकारी तथा अन्य संघ संस्थाहरुमा पारिवारिक सदस्यहरुको आबद्धता **३७.३४** प्रतिशत रहेकोमा सोमा वृद्धि भई **६४.२३ प्रतिशत** पुगेको अध्ययनबाट देखिन्छ ।
- वैदेशिक रोजगारीमा संलग्न व्यक्ति र परिवारका सदस्यहरु मध्ये **५५.३५ प्रतिशत**ले सार्वजनिक सवारीसाधन मात्र प्रयोग गर्ने गरेको देखिन्छ भने बाँकी **४४.६५ प्रतिशत**ले सार्वजनिक र निजी दुवै प्रकारका सवारी साधन प्रयोग गर्ने गरेको अध्ययनबाट देखिन्छ ।

# परिच्छेद १

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

सन् १८१५ मा भारतको इष्ट इन्डिया कम्पनीले नेपाली युवाहरूलाई सेनामा भर्ती लिने सम्झौता गरे पश्चात् नेपाली युवाहरू विदेशमा रोजगारीका लागि जान थालेको पाईन्छ । वि.स २०३८ सालमा श्रम मन्त्रालयको स्थापना भए पश्चात् वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न वैदेशिक रोजगार ऐन, २०४२ आएको हो । उक्त ऐन आएपछि मात्र नेपालमा संस्थागत रुपमा वैदेशिक रोजगारीमा कामदार पठाउने कार्यको शुरुवात भएको हो ।

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहितको संरक्षण गर्नको लागि वैदेशिक रोजगार ऐन, २०६४ जारी भएको छ । साथै, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै वैदेशिक रोजगारबाट हुने आर्थिक तथा गैरआर्थिक लाभबाट गरिबी निवारण तथा राष्ट्रको दिगो आर्थिक र सामाजिक विकासमा अधिकतम योगदान पुऱ्याउने लक्ष्य सहित वैदेशिक रोजगार नीति, २०६८ समेत जारी भएको छ ।

वैदेशिक रोजगार नियमावली, (तेस्रो संशोधन) २०७४ को नियम २० मा वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारमा जानुपूर्व वैदेशिक रोजगार बोर्डले स्वीकृत गरेको पाठ्यक्रम अनुसारका विषयमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै नियम २१ मा रोजगारमा जाने कामदारलाई अभिमुखीकरण तालिम प्रदान गर्ने संस्थाले तालिम प्रदान गर्नु अघि तालिम लिने व्यक्तिको नामावली र प्रशिक्षकको नाम तालिम प्रदान गरेपछि तालिम लिएका व्यक्तिहरुको हाजिरी विवरण विभाग समक्ष पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।

रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क, क्षेत्र/विषयगत दक्ष जनशक्तिका तथ्याङ्क र वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको तथ्याङ्क संकलन गर्ने तथा वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता अभिवृद्धि र सीपमूलक तालिमको सञ्चालन एवम् वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनः एकीकरण र उद्यमशीलताको उपयोग गर्न रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएको छ ।

सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमा **श्रमको सम्मान राष्ट्रको अभियान** भन्ने नारा अघि सार्दै मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिँदै असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्दै उत्पादकत्व अभिवृद्धि गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने व्यवस्था गरिएको छ ।

आर्थिक उदारीकरण तथा विश्वव्यापीकरणले विश्व नै एक सानो गाउँको स्वरुप लिएको वर्तमान परिप्रेक्ष्यमा नेपाल सरकार एवम् स्थानीय सरकारले समेत वैदेशिक रोजगारीलाई थप आकर्षक र गतिशील बनाउन समय सापेक्ष ऐन, नीति तथा नियमहरु जारी एवम् परिमार्जन गर्दै आईरहेको छ । फलस्वरुप नेपालबाट वैदेशिक रोजगारीका लागि विभिन्न देशहरुमा जानेको सङ्ख्या वर्षेनी बढ्दै गएको छ । साथै, विदेशमा काम गरेर पठाउने विप्रेषण रकम समेत बढ्दै गईरहेको छ ।

नेपालमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले आधारभूत आवश्यकता परिपूर्ति गर्ने, गरिबी घटाउने, साक्षरता दर वृद्धि गर्ने तथा कृषि, पर्यटन, ऊर्जा, खेलकुद लगायतका क्षेत्रको पूर्वाधार निर्माण तथा विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । त्यस्तै, नेपालमा आईपरेका विभिन्न सङ्कटहरु जस्तै द्वन्द्व, नाकाबन्दी, भूकम्प तथा बाढीपहिरो लगायतका बेलामा समेत अर्थतन्त्र चलायमान बनाउन सहज वातावरण सिर्जना गरेको देखिन्छ ।

नेपालमा वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा दुई किसिमको प्रभाव पारेको देख्न सकिन्छ । **पहिलो** विप्रेषण आप्रवाहको प्रमुख स्रोत वैदेशिक रोजगारीलाई थप सुरक्षित र व्यवस्थित गर्दै उक्त क्षेत्रबाट प्राप्त रकम, ज्ञान तथा सीप उत्पादनमूलक क्षेत्रमा लगानी गरी स्वदेशमा नै क्रमशः रोजगारी सिर्जना गर्नु हो भने **दोस्रो** युवा जनशक्तिको कमीका कारण देशको समग्र उत्पादन घट्नु र परनिर्भरता बढ्दै जानु हो ।

**राष्ट्रिय जनगणना, २०७८** अनुसार परिवारमा अनुपस्थित (विदेशमा गएको) जनसङ्ख्या **२१,९०,५९२ (पुरुष १७९९६७५ र महिला ३९०९१७)** रहेको छ । उक्त सङ्ख्यामा लुम्बिनी प्रदेशको हिस्सा सबैभन्दा ठूलो अर्थात **१९.२१ प्रतिशत** रहेको छ । त्यस्तै **आर्थिक सर्वेक्षण २०७९/८०** का अनुसार २०७९ फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या **५५ लाख २६ हजार ७ सय ४ रहेको छ ।**

नेपालमा रोजगारी छनौटका पर्याप्त अवसरहरु नहुँदा उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा हासिल गरेका युवाहरु विदेश पलायन हुने प्रवृत्ति बढ्दो छ । नेपाल सरकारले वैदेशिक रोजगारीका लागि संस्थागत रुपमा १११ तथा व्यक्तिगत रुपमा जाने प्रयोजनको लागि १६८ मुलुकहरु खुल्ला गरे पश्चात् युवाहरू खाडी मुलुक लगायतका अन्य देशहरुमा श्रमिकको रूपमा जाने क्रम बढेको हो । बिभिन्न कारणले वैदेशिक रोजगारीमा जाने युवाहरुको घरपरिवारको आर्थिक, पारिवारिक तथा सामाजिक अवस्थामा पारेको प्रभावमा आधारित रहेर यो अध्ययन सम्पन गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

१. वैदेशिक रोजगारीको प्रकृति र सोको वर्गीकरण अध्ययन गर्ने ।

२. वैदेशिक रोजगारीले श्रमिकहरुको परिवारमा पारेको आर्थिक तथा सामाजिक प्रभाव अध्ययन गरी सुझावहरु प्रस्तुत गर्ने ।

## १.३ अध्ययनको औचित्य तथा महत्व

- जनसङ्ख्याको हिसाबले तेस्रो प्रमुख प्रदेशको रुपमा रहेको लुम्बिनी प्रदेशबाट वैदेशिक रोजगारीमा जानेको सङ्ख्या उल्लेख्य रहनुका साथै हालका वर्षहरुमा युवावर्गको रोजाई वैदेशिक रोजगारी भएकाले यस किसिमको अध्ययन गर्न सान्दर्भिक देखिन्छ ।
- वैदेशिक रोजगारीका कारण गाँउघरमा युवा जनशक्तिको अभाव भई कृषिजन्य उत्पादनमा समस्या एवम् सामाजिक/साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्न समेत कठिनाई हुने जनगुनासोहरु सुनिने गरेकाले वैदेशिक रोजगारीले समाजको आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावहरुको बारेमा अध्ययन गर्न आवश्यक देखिन्छ ।
- वैदेशिक रोजगारीबाट परेका सकारात्मक प्रभावहरुको विस्तार एवम् नकारात्मक प्रभावहरुको न्यूनीकरण गर्नको लागि यो अध्ययन सहयोगी हुने अपेक्षा गरिएको छ ।
- गरिबी तथा बेरोजगारी न्यूनीकरणका लागि महत्वपूर्ण भूमिका रहेको वैदेशिक रोजगारीका सम्बन्धमा यस अध्ययनबाट प्राप्त सूचना/तथ्यहरुले उक्त क्षेत्रका समस्या/चुनौती तथा सम्भावनाहरु पहिचान गरी समय सापेक्ष नीतिगत सुधार गर्न सहयोग पुऱ्याउने देखिन्छ ।
- वैदेशिक रोजगारीको क्षेत्रसँग सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्थाहरु, स्थानीय तह, बैंक तथा वित्तीय संस्थाहरु, रेमिट्यान्स कम्पनी, अन्य सरोकारवाला निकाय/व्यक्तिहरु एवम् विद्यार्थीहरुलाई यो अध्ययनले सहयोग पुऱ्याउने देखिन्छ ।

## १.४ अध्ययनको सीमा

- स्रोत–साधन तथा समयको सीमितताका कारण यो अध्ययन लुम्बिनी प्रदेशका १२ वटा जिल्लाहरुमध्ये ५ वटा जिल्लाहरुका १४ वटा स्थानीय तहबाट ३८३ वैदेशिक रोजगारमा संलग्न परिवारका सदस्यहरुमा मात्र केन्द्रित रहेको छ ।
- स्थलगत सर्वेक्षणका क्रममा वैदेशिक रोजगारबाट फर्केका श्रमिक वा एकाघर परिवार सदस्यहरुबाट मात्र प्राथमिक तथ्याङ्क संकलन गरिएको छ ।
- दुई वा दुई वर्षभन्दा बढी अवधि भारत बाहेक अन्य तेस्रो मुलुकहरुमा वैदेशिक रोजगारीमा संलग्न रहेका व्यक्तिहरुलाई मात्र नमूना सर्वेक्षणमा समावेश गरिएको छ ।

## १.५ अध्ययनको ढाँचा

यो अध्ययन प्रतिवेदनलाई कुल ५ परिच्छेदहरुमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको सीमा र प्रतिवेदनको ढाँचा रहेको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौ परिच्छेदमा क्रमशः कृति समीक्षा, अध्ययन विधि, तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण र अध्ययनको निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# कृति समीक्षा

## २.१ नेपालमा भएका अध्ययनहरु

National Planning Commission. (2020) ले गरेको "वैदेशिक रोजगारीले गरिबी निवारण र सामाजिक सुरक्षामा पारेको प्रभाव सम्बन्धी अध्ययन" मा वैदेशिक रोजगारी निम्न आय भएका परिवारहरुका लागि जीवन निर्वाहको महत्वपूर्ण आर्थिक क्रियाकलाप भएको निष्कर्ष निकालेको छ भने अध्ययनमा समेटिएका उत्तरदाताको आफन्तहरुले पठाएको विप्रेषणको रकम विना उनीहरुको आधारभूत आवश्यकता पुरा नहुने अवस्था देखाएको छ (राष्ट्रिय योजना आयोग, २०७९) । उक्त अध्ययनले वैदेशिक रोजगारीले आश्रित परिवारको आय, बचत लगायत खर्चमा वृद्धि गर्नुको साथै विप्रेषणले गरिबी न्यूनीकरण गर्नको लागि मेरुदण्डको भूमिका खेलेको निष्कर्ष निकालेको छ । राष्ट्रिय योजना आयोगकै अर्को अध्ययन अनुसार विप्रेषणको आप्रवाहले अर्थतन्त्रका विभिन्न पक्षसँग सम्बन्ध राखेको र अर्थतन्त्रका सबै क्षेत्र विप्रेषणका कारण सकारात्मक असर देखिने सम्भावना रहेको निष्कर्ष निकालेको छ ।

Banjara (2020) ले गरेको विप्रेषणको मुल्याङ्कन र नेपालको आर्थिक वृद्धिमा यसको प्रभाव सम्बन्धी अध्ययनमा देशको आर्थिक विकासमा विप्रेषणको सकारात्मक सम्बन्ध रहेको देखाईएको छ । अनुत्पादक क्षेत्रमा लगानी गर्दिँदै आएको विप्रेषणले वस्तुको समग्र आयातमा वृद्धि, परनिर्भतामा वृद्धि भई दीर्घकालीन आर्थिक वृद्धिलाई सुस्त बनाउने गरेको देखिईएको छ । परिवारका सदस्यहरुलाई आफ्नो जीविकोपार्जनमा मद्दत गर्ने महत्वपूर्ण माध्यम विप्रेषण भएको देखिएकोमा सरकारले विप्रेषणलाई अधिकतम परिणाममुखी बनाउन र देशको दिगो आर्थिक वृद्धि तथा विकासका लागि चाहिने दक्ष जनशक्तिलाई टिकाइराख्न उपयुक्त नीति बनाइ लागु गर्नुपर्ने यस अध्ययनको निष्कर्ष रहेको छ ।

Shrestha (2021) ले वैदेशिक रोजगारी र विप्रेषण आप्रवाहले नेपालको अर्थतन्त्रमा पुऱ्याएको योगदानबारे गरेको अध्ययनमा गरिबी निवारण तथा आर्थिक सूचकाङ्कहरुमा विप्रेषणको सकारात्मक भूमिका रहेको देखाईएको छ । वैदेशिक रोजगारी सम्बन्धी अपर्याप्त जानकारी, सीपमूलक तालिमको अभाव र सुरक्षित काम गर्ने वातावरण र अधिकारको सुनिश्चितता नहुनुले वैदेशिक रोजगारीमा बाधा पुऱ्याएको छ । विप्रेषण आप्रवाह विदेशी मुद्रा सञ्चितिको एक प्रमुख स्रोत रहेकोले सरकारले आर्थिक कूटनीति अवलम्बन गरी वैदेशिक रोजगारी प्रवर्द्धन गर्नुपर्ने निष्कर्ष निकालेका छन्।

Ghimire (2022) ले Depth Telephone Interviews र Face-to Face-Interviews विधि प्रयोग गरी गरेको वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको निर्णय क्षमताको विश्लेषण सम्बन्धी अध्ययनको निष्कर्ष वैदेशिक रोजगारीमा विशेषगरी पुरुषहरुको व्यापक आकर्षण रहेतापनि राम्रो अवसर पाए नेपालमै रोजगारी गर्ने इच्छा व्यक्त गरेको र धेरैजसो युवाहरु आफ्नो आर्थिक तथा समाजिक उत्थानका लागि विदेशिने गरेको रहेको छ ।

Sapkota (2018) ले गरेको वैदेशिक रोजगारी तथा विप्रेषणको स्थिति सम्बन्धी अध्ययनमा नेपाली अर्थतन्त्रमा विप्रेषण आप्रवाहले महत्वपूर्ण योगदान दिएको भएतापनि विदेशमा रहेका श्रमिकको बसाईलाई व्यवस्थित गर्ने कार्य र विप्रेषण आप्रवाहलाई उत्पादन क्षेत्रमा लगानी गर्ने कार्य चुनौतीपूर्ण रहेको निष्कर्ष निकालेका छन्।

Rai (2016) ले नेपालमा वैदेशिक रोजगारीबाट फर्किएका महिलाको आर्थिक सामाजिक अवस्था शीर्षकमा गरेको अध्ययनमा वैदेशिक रोजगारीले महिलाहरुको आर्थिक र सामाजिक क्षेत्रमा सुधार भएको निष्कर्ष निकालेको छ । उक्त अध्ययनमा महिलाहरु आफ्ना आधारभूत आवश्यकता पुरा गर्न सक्षम भएका, बालबालिकाहरुको हेरचाह,

शिक्षा/स्वास्थ्यमा सुधार तथा महिलाहरुमा सशक्तीकरण बढाएको जसले गर्दा स्व–निर्णय गर्न सक्षम भएका, लिएको ऋण तिर्न सक्षम भएको देखाईएको छ ।

Adhikari (2020) ले द्धितीयक तथ्याङ्कको आधारमा २००८/०९ देखि २०१८/१९ सम्मको अवधिबीच गरेको विप्रेषण आप्रवाहको आर्थिक तथा सामाजिक प्रभावको अध्ययनले विप्रेषण आप्रवाहले नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको तर यसले उपभोग्य वस्तुको आयात बढाएको, दक्ष र ऊर्जावान जनशक्तिको अभाव भएको र विप्रेषण आप्रवाहमा एक्कासी कमी आउनुका कारण आर्थिक संकट सिर्जना भएको, त्यसैले सरकारले पनि आत्मनिर्भर अर्थतन्त्रको बाटोमा काम गर्नुपर्छ भन्ने निष्कर्ष निकालेको छ ।

## २.२ अन्तर्राष्ट्रिय अध्ययनहरु

Cantore & Cali (2015) ले गरेको विभिन्न मुलुकमा स्थायी तथा अस्थायी वैदेशिक रोजगारीको प्रभावको अध्ययनमा वैदेशिक रोजगारीले श्रमिकको आय बढाउनुका साथै गरिवी निवारणमा समेत लाभदायी भूमिका खेलेको औंल्याउँदै यो सम्बन्धी नीति बनाउने निकायले वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरुको क्षमता उपयोग गर्नेगरी स्वदेशमा रोजगारीको अवसर प्रदान गर्न विशेष जोड दिनुपर्ने निश्कर्ष निकालेको छ ।

Hunte (2004) ले विभिन्न अठार वटा देशको विप्रेषण आप्रवाहसँग सम्बन्धित तथ्याङ्कको सहायताले घरायसी आम्दानी र विप्रेषण आप्रवाह बीचको सम्बन्ध अध्ययन गरेका छन् । यस अध्ययन अनुसार घरायसी आम्दानी र विप्रेषण आप्रवाहको बीचमा विपरीत सम्बन्ध रहेको छ । एक प्रतिशतले घरायसी आम्दानी बढ्दा विप्रेषण आप्रवाह ०.८ प्रतिशतले घटेको र मुलुकमा आर्थिक संकट बढ्दा विप्रेषण आप्रवाह बढ्ने गरेको यस अध्ययनको निष्कर्ष रहेको छ ।

Mahmud & Osmani (1980) ले गरेको वैदेशिक रोजगारीमा गएका बंगलादेशी श्रमिकहरुको अध्ययनमा अनुसन्धानकर्ताले विप्रेषण आप्रवाहका लागि श्रमिकहरुले विभिन्न औपचारिक माध्यमको प्रयोग गरेको पाईएको छ । विप्रेषण आप्रवाहले जग्गाको मुल्य बढाउनुका साथै घर जग्गा कारोबार समेत बढाएको छ । साथै, श्रमिकहरुले आफ्नो कुल तलबको ६५.० देखि ७५.० प्रतिशतसम्म बचत गरी विप्रेषण आप्रवाह पठाउने गरेका छन् । जसमध्ये अधिकांश श्रमिकले विप्रेषण रकम आधिकारिक माध्यमबाट पठाउने गरेका छन्।

Fayissa & Nsiah (2010) को The Impact of Remittances on Economic Growth and Development in Africa विषयक अध्ययनमा आर्थिक विकासमा विप्रेषण आप्रवाहको प्रभाव मापन गर्न ३६ वटा अफ्रिकी मुलुकहरुको सन् १९८० देखि २००४ सम्मको तथ्याङ्कको प्रयोग गरेका छन् । विप्रेषण आप्रवाहमा १०.० प्रतिशत वृद्धि हुँदा कुल गार्हस्थ्य उत्पादन ४.० प्रतिशतले बढेको साथै विप्रेषण आप्रवाहले मुलुकको आर्थिक विकासमा सकारात्मक प्रभाव पारेको यस अध्ययनको निष्कर्ष रहेको छ ।

Javid et al. (2012) ले गरेको Impact of Remittance on Economic Growth and Poverty विषयमा गरेको अध्ययनले निष्कर्षको रुपमा विप्रेषण आप्रवाहले आर्थिक वृद्धि र गरिबी निवारणमा सकारात्मक प्रभाव पारेको देखाएको छ । पाकिस्तान जस्ता विकासोन्मुख देशहरुको लागि अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा रहेको विप्रेषण आप्रवाह बढाउन लागत कम गर्ने तथा औपचारिक माध्यमबाट ल्याउने तर्फ सरकारले नीति बनाई लागु गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

# परिच्छेद-३
# अध्ययन विधि

यो अध्ययन नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयमा उपलब्ध साधन-स्रोतमा आधारित रहेर सम्पन्न गरिएको छ । यस अध्ययनमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक वा निजको एकाघर परिवारका सदस्य, स्थानीय निकायका प्रतिनिधिहरु वा सम्बन्धित विषयमा जानकार व्यक्ति र स्थानीय उद्योगी/व्यवसायीहरुबाट छलफलका आधारमा लिईएका सूचना तथा जानकारीहरु अध्ययनको सुझावमा समावेश गरिएको छ भने सरोकारवाला निकायहरुबाट द्वितीयक तथ्याङ्क संकलन गरिएको छ । स्थलगत सर्वेक्षणबाट संकलित तथ्याङ्कलाई Microsoft Office Excel प्रयोग गरी आवश्यक तालिका तथा चार्ट मार्फत प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

## ३.१ नमूना छनौट विधि

यस प्रदेशमा रहेका १२ जिल्लाहरुमध्ये अर्घाखाँची, गुल्मी, पाल्पा, रोल्पा तथा रुपन्देही गरी जम्मा ५ जिल्ला नमूनाको रुपमा छनौट गरिएको छ । यस प्रदेशको जिल्लागत जनसङ्ख्या र २०७९ साउन देखि २०८० बैशाख महिनासम्म वैदेशिक रोजगारीमा गएका श्रमिकहरुको सङ्ख्याको आधारमा ४ जिल्ला र यस कार्यालय रुपन्देही जिल्लामा परेको आधारमा सो जिल्ला समेत लिई कुल पाँच जिल्ला छनौट गरिएको हो । छनौट गरिएका ५ जिल्लाबाट कुल ५३ हजार ९४८ जना वैदेशिक रोजगारीमा रहेका छन् ।

स्थलगत सर्वेक्षणको आधारमा प्राथमिक तथ्याङ्क एवम् सूचना संकलन गर्नका लागि ३ प्रकारका प्रश्नावलीहरु निर्माण गरिएको छ । ती प्रश्नावलीहरु क्रमशः वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक वा निजको एकाघर परिवारसँग सम्बन्धित प्रश्नावली (अनुसूची–१), स्थानीय निकायका प्रतिनिधिहरु वा सम्बन्धित विषयमा जानकार व्यक्तिलाई सोधिएको प्रश्नावली (अनुसूची–२) र स्थानीय उद्योगी/व्यवसायीहरुसँग सम्बन्धित प्रश्नावली (अनुसूची–३) रहेका छन् । नमूना छनौटमा परेको पाँचवटा जिल्लाबाट वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको संख्या (५३,९४८) लाई आधार मानी Daniel WW (1999) ले प्रतिपादन गरेको तरिका अपनाई अनुसूची–१ अन्तर्गत रहेका प्रश्नावलीका लागि उत्तरदाताको संख्या पहिचान गरिएको छ । उक्त तरिका अनुसार जनसङ्ख्या (**N**) ५३,९४८ जनसङ्ख्या अनुपात (**P**) ०.५, **Z-Value** १.९६, र त्रुटी मार्जिन (**E**) ५ प्रतिशत मान राखी न्यूनतम नमूना सङ्ख्या निर्धारण गर्दा अनुसूची-१ का लागि कुल ३८१ जना उत्तरदाता चयन गर्नुपर्ने देखिएकोमा जम्मा ३८३ जनालाई प्रश्न सोधिएको छ । छनौटमा परेका जिल्लाहरुबाट वैदेशिक रोजगारीमा गएका कुल व्यक्तिहरुको प्रतिशत भाराङ्कको आधारमा सम्बन्धित जिल्लाबाट सोही अनुरुपको सङ्ख्यामा प्रश्नावलीको लागि नमूना छनौट गरिएको छ ।

| तालिका ३.१ : नमूना छनौट तालिका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जिल्ला** | **२०७८ जनसङ्ख्या** | **वैदेशिक रोजगारीमा गएको सङ्ख्या (२०७९ साउन देखि २०८० बैशाख महिनासम्म)** | **वैदेशिक रोजगारी जिल्लागत अंश** | **नमूना सङ्ख्या** | **सम्भावना** | **अनुसूची–१ का लागि नमूना सङ्ख्या** | **अनुसूची–२ का लागि नमूना सङ्ख्या** | **अनुसूची–३ का लागि नमूना सङ्ख्या** |
| अर्घाखाँची | १७७०८६ | ८०६९ | ४.५६ | ५७ | १५ | ५७ | ६ | ५ |
| बाँके | ६०३१९४ | ९३६९ | १.५५ | | | | | |
| बर्दिया | ४५९९०० | ८०९९ | १.७६ | | | | | |
| दाङ | ६७४९९३ | १५१६१ | २.२५ | | | | | |
| रुकुम पूर्व | ५६७८६ | २००३ | ३.५३ | | | | | |
| गुल्मी | २४६४९४ | ९५१० | ३.८६ | ६५ | १७ | ६५ | ६ | ५ |
| कपिलवस्तु | ६८२९६१ | १२७८१ | १.८७ | | | | | |
| पाल्पा | २४५०२७ | ९०१२ | ३.६८ | ६५ | १७ | ६५ | ६ | ५ |
| नवलपरासी (पश्चिम) | ३८६८६८ | ९८४१ | २.५४ | | | | | |
| प्यूठान | २३२०१९ | ५२५९ | २.२७ | | | | | |
| रोल्पा | २३४७९३ | ८०२६ | ३.४२ | ५७ | १५ | ५७ | ६ | ५ |
| रुपन्देही | ११२१९५७ | १९३६१ | १.७३ | १३७ | ३६ | १३९ | १८ | २१ |
| **जम्मा** | **५१२२०७८** | **११६४९१** | | **३८१** | **१००** | **३८३** | **४२** | **४१** |

*स्रोत : केन्द्रीय तथ्यांक कार्यालय (जनसंख्याका लागि), बैदेशिक रोजगार विभाग (वैदेशिक रोजगार संख्याका लागि) तथा अनुसन्धानकर्ताको* calculation

<u>Daniel WW को तरिकामा अपनाइएको सूत्रको आधारमा गरिएको calculation</u>

- (N)जनसङ्ख्या आकार (वैदेशिक रोजगारीमा गएको सङ्ख्या (२०७९ साउन देखि २०८० बैशाख महिनासम्म) ८ जिल्ला =५३,९७८
- (E) त्रुटिको स्तर = ५%
- (Z) ९५% आत्मविश्वासको मूल्य = १.९६
- (P) मानक विचलन =०.५
- नमूना आकारका सूत्र $(n) = \dfrac{\dfrac{z2 * p(1-p)}{e2}}{1 + \dfrac{z2 * p(1-p)}{e2 * N}}$

= ३८१ जना

## ३.२ तथ्याङ्क संकलन विधि

उत्तरदाता (श्रमिक वा एकाघर परिवारका सदस्य) हरुलाई छनौट गर्न बहु-चरण नमूना विधि (Multistage Sampling Method) प्रयोग गरिएको छ । छनौटमा परेका जिल्लाहरुमा Simple Random Sampling तथा सहज पहुँचको आधारमा स्थानीय तह छनौट गरी सो स्थानीय तहको वडाहरुमा Snowball Sampling विधि मार्फत तथ्याङ्क तथा सूचना संकलन गरिएको छ ।

अनुसूची–१ बमोजिमको स्थलगत सर्वेक्षणमा कुल ३८३ नमूना छनौट गरिएको छ। Simple Random Sampling को आधारमा वैदेशिक रोजगारबाट फर्केका व्यक्ति एवम् एकाघर परिवारका सदस्यहरुबाट प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। स्थानीय निकाय, उद्योगी/व्यवसायी तथा विभिन्न सरोकारवालाहरुसँग अनुसूची–२ र ३ बमोजिम Structured Interview को आधारमा सूचना तथा जानकारी संकलन गरिएको छ ***(तालिका ३.२)*** ।

**तालिका ३.२ : जिल्लागत तथ्याङ्क संकलन तालिका**

| जिल्ला | स्थानीय तह | अनुसूची–१ | अनुसूची–२ | अनुसूची–३ | नमूना सङ्ख्या | जम्मा नमूना सङ्ख्या |
|---|---|---|---|---|---|---|
| अर्घाखाँची | सन्धिखर्क नगरपालिका | ३४ | ३ | ३ | ४० | **६८** |
| | छत्रदेव गाउँपालिका | २३ | ३ | २ | २८ | |
| गुल्मी | रेसुङ्गा नगरपालिका | ३९ | ३ | ३ | ४५ | **७६** |
| | रुरु गाउँपालिका | २६ | ३ | २ | ३१ | |
| पाल्पा | तानसेन नगरपालिका | ३९ | ३ | ३ | ४५ | **७६** |
| | तिनाउ गाउँपालिका | २६ | ३ | २ | ३१ | |
| रोल्पा | रोल्पा नगरपालिका | ३४ | ३ | ३ | ४० | **६८** |
| | सुनिल स्मृति गाउँपालिका | २३ | ३ | २ | २८ | |
| रुपन्देही | सिद्धार्थनगर नगरपालिका | २८ | ३ | ५ | ३६ | **१७८** |
| | तिलोत्तमा नगरपालिका | २७ | ३ | ५ | ३५ | |
| | लुम्बिनी साँस्कृतिक नगरपालिका | २७ | ३ | ५ | ३५ | |
| | ओमसतीया गाउँपालिका | १९ | ३ | २ | २४ | |
| | मायादेवी गाउँपालिका | १९ | ३ | २ | २४ | |
| | सियारी गाउँपालिका | १९ | ३ | २ | २४ | |
| **जम्मा** | | **३८३** | **४२** | **४१** | **४६६** | **४६६** |

ग्रामीण तथा शहरी क्षेत्र दुवैको प्रतिनिधित्व हुनेगरी गाउँपालिकाबाट ४०.० प्रतिशत र नगरपालिकाबाट ६०.० प्रतिशतका दरले अनुसूची–१ बमोजिम तथ्याङ्क संकलन गरिएको छ। छनौट भएका जिल्लाहरु अर्घाखाँची, गुल्मी, पाल्पा, रोल्पा तथा रुपन्देहीका १४ वटा स्थानीय तहहरुबाट क्रमशः ५७, ६५, ६५, ५७ र १३९ गरी जम्मा ३८३ नमूनाबाट तथ्याङ्क संकलन गरिएको छ। अनुसूची–२ का लागि नमूना सङ्ख्या प्रत्येक स्थानीय तहबाट ३ का दरले ४२ तथा अनुसूची–३ का लागि स्थानीय तहमा उपलब्ध उद्योग/व्यवसायको अनुसार प्रत्येकमा २ देखि ५ सम्म गरी ४१ नमूना लिईएको छ।

वैदेशिक रोजगारीले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्दा सङ्ख्यात्मक तथा गुणात्मक दुवै विधि प्रयोग गरिएको छ। स्थलगत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कहरुका विभिन्न चरहरुबीचको सम्बन्ध विश्लेषण गर्न MS Excell प्रयोग गरिएको छ। यस अध्ययनमा वैदेशिक रोजगारीले श्रमिकहरुको आयस्तर तथा सम्पत्तिमा भएको परिवर्तन, खर्च/बचतको प्रवृत्ति, पारिवारिक स्वास्थ्य, शिक्षा एवम् सामाजिक अवस्थामा पारेको प्रभाव विश्लेषण गरिएको छ। स्थलगत सर्वेक्षणमा सम्बन्धित पक्षहरुसँग प्रत्यक्ष अन्तर्वार्ताका आधारमा तथ्याङ्क संकलन गरिएको हुँदा Non Response Error न्यून रहेको छ।

# परिच्छेद-४
# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## ४.१ विप्रेषण आप्रवाह तथा कुल गार्हस्थ्य उत्पादनमा अनुपात

नेपालबाट वैदेशिक रोजगारीका लागि गएका श्रमिकहरुले पठाएको विगत दश वर्षको विप्रेषण आप्रवाह आर्थिक वर्ष २०७६/७७ मा कोभिड-१९ को विश्वव्यापी महामारीका समयमा बाहेक अन्य वर्षहरुमा बढेको छ। आर्थिक वर्ष २०७०/७१ मा विप्रेषण आप्रवाह त्यसअघिको वर्षको तुलनामा २५.०२ प्रतिशतले वृद्धि भई रु. ५ खर्ब ४३ अर्ब २९ करोड भएकोमा आर्थिक वर्ष २०७९/८० मा अघिल्लो वर्षको तुलनामा २१.१७ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब २० अर्ब ५५ करोड पुगेको छ *(तालिका ४.१ )*।

**तालिका ४.१ : विप्रेषण आप्रवाह तथा कुल गार्हस्थ्य उत्पादनमा अनुपात**

| आ.व. | विप्रेषण आप्रवाह (रु.करोडमा) | वृद्धिदर | कुल गार्हस्थ्य उत्पादनको अंश (प्रतिशत) |
|---|---|---|---|
| २०७०/७१ | ५४३२९.४१ | २५.०२ | २४.३ |
| २०७१/७२ | ६१७२७.८८ | १३.६२ | २५.५ |
| २०७२/७३ | ६६५०६.४३ | ७.७४ | २५.५ |
| २०७३/७४ | ६९५४५.२४ | ४.५७ | २२.६ |
| २०७४/७५ | ७५५०५.८६ | ८.५७ | २१.८ |
| २०७५/७६ | ८७९३६.७१ | १६.४६ | २२.८ |
| २०७६/७७ | ८७५०२.७० | (०.४९) | २२.५ |
| २०७७/७८ | ९६१०५.४६ | ९.८३ | २२.१ |
| २०७८/७९ | १००७३०.६९ | ४.८१ | २०.४ |
| २०७९/८० | १२२०५५.९५ | २१.१७ | २२.७ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

## ४.२ लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीको अवस्था

नेपाल सरकारले वैदेशिक रोजगारीका लागि खुला गरेका देशहरुमा विगत दश वर्षमा श्रम स्वीकृति लिएर जाने नेपाली श्रमिकहरुको सङ्ख्या आर्थिक वर्ष २०७०/७१ मा गतवर्षको तुलनामा १५.२५ प्रतिशतले वृद्धि भई ५ लाख १९ हजार ६ सय ३८ जना रहेकोमा आर्थिक वर्ष २०७९/८० मा गतवर्षको तुलनामा २२.४२ प्रतिशतले वृद्धि भई ७ लाख ७१ हजार ३ सय २७ जना पुगेको देखिन्छ। आर्थिक वर्ष २०७०/७१ पछिका अधिकांश वर्षहरुमा वैदेशिक रोजगारीको वृद्धिदर घटेको देखिन्छ।

लुम्बिनी प्रदेशबाट वैदेशिक रोजगारीका लागि विगत दश वर्षमा श्रम स्वीकृति लिएर जाने नेपाली श्रमिकहरुको सङ्ख्या आर्थिक वर्ष २०७०/७१ मा गतवर्षको तुलनामा ४.६४ प्रतिशतले ह्रास भई ७६ हजार २५ जना रहेकामा त्यसपछिका प्रत्येक वर्षहरुमा वैदेशिक रोजगारीको वृद्धिदर घटेको छ। विश्वव्यापी रुपमा फैलिएको कोभिड–१९को माहामारीका कारण विभिन्न देशहरुमा रोजगारीमा रहेका नेपालीहरु स्वदेश फिर्ता भएका तथा उक्त अवधिमा वैदेशिक रोजगारीमा जाने क्रम रोकिएकाले सोको प्रभाव न्यून भएसँगै पछिल्ला वर्षमा श्रम भिसा अवधि बाँकी रहेका तथा नयाँ कामदारहरु समेत वैदेशिक रोजगारीमा गएकाले सो सङ्ख्यामा उल्लेख्य वृद्धि भएको हुन सक्ने देखिन्छ। सो सङ्ख्या आर्थिक वर्ष २०७९/८०मा १ लाख ३६ हजार ९ सय ८४ जना पुगेको देखिन्छ। यस

प्रदेशबाट वैदेशिक रोजगारीमा गएका श्रमिकको प्रदेशगत औसत अंश १५.६४ प्रतिशत रहेको छ ***(तालिका ४.२ )*** ।

| तालिका ४.२: लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक वर्ष | वैदेशिक रोजगारीमा गएका कुल श्रमिकको सङ्ख्या | वृद्धिदर | लुम्बिनी प्रदेशबाट गएका श्रमिकको सङ्ख्या | वृद्धिदर | लुम्बिनी प्रदेशको सङ्ख्यात्मक अंश |
| २०७०/७१ | ५१९६३८ | १५.२५ | ७६०२५ | -४.६४ | १४.६३ |
| २०७१/७२ | ४९९१०२ | -३.९५ | ७०८९० | -६.७५ | १४.२० |
| २०७२/७३ | ४०३६९३ | -१९.१२ | ६५७१९ | -७.२९ | १६.२८ |
| २०७३/७४ | ३८२८७१ | -५.१६ | ७११४९ | ८.२६ | १८.५८ |
| २०७४/७५ | ३५४०९८ | -७.५२ | ६६१७२ | -७.०० | १८.६९ |
| २०७५/७६ | २३६२०८ | -३३.२९ | ४४४४९ | -३२.८३ | १८.८२ |
| २०७६/७७ | ३६८४३३ | ५५.९८ | ३५९९० | -१९.०३ | ९.७७ |
| २०७७/७८ | १६६६९८ | -५४.७५ | १२८०० | -६४.४३ | ७.६८ |
| २०७८/७९ | ६३००९० | २७७.९८ | १२६१९२ | ८८५.८८ | २०.०३ |
| २०७९/८० | ७७१३२७ | २२.४२ | १३६९८४ | ८.५५ | १७.७६ |
| **औसत** | **४३३२१६** | **२४.७८** | **७०६३७** | **७६.०७** | **१५.६४** |

*स्रोत : वैदेशिक रोजगार विभाग*

## नमूना छनौट क्षेत्रको व्यक्तिगत विवरण

### ४.३ उमेर तथा लिङ्गगत संरचना


स्थलगत सर्वेक्षणमा समावेश गरिएका कुल ३८३ नमूना मध्ये ९४ प्रतिशत अर्थात ३६० जना पुरुष र ६ प्रतिशत अर्थात् २३ जना महिलाहरु वैदेशिक रोजगारीमा रहेका छन् । उमेरगत समूहमा सबैभन्दा बढी वैदेशिक रोजगारीमा जाने ३१ देखि ४० वर्ष उमेर समूहका ४४.९१ प्रतिशत र सबैभन्दा कम ५० वर्ष भन्दा माथि उमेर समूहका ४.४४ प्रतिशत रहेको अध्ययनले देखाएको छ ***(तालिका :४.३)*** ।

| तालिका ४.३ : उमेर तथा लिङ्गगत संरचना | | | | |
|---|---|---|---|---|
| **उमेर समुह** | **पुरुष** | **महिला** | **जम्मा** | **प्रतिशत** |
| ३० वर्ष सम्म | ७६ | ८ | ८४ | २१.९३ |
| ३१ देखि ४० | १६४ | ८ | १७२ | ४४.९१ |
| ४१ देखि ५० | १०३ | ७ | ११० | २८.७२ |
| ५० वर्ष माथि | १७ | ० | १७ | ४.४४ |
| **जम्मा** | **३६०** | **२३** | **३८३** | **१००** |

*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.४ शैक्षिक योग्यता

स्थलगत सर्वेक्षण अनुसार वैदेशिक रोजगारीमा गएका श्रमिकहरुको शैक्षिकस्तरमा आधारभूत तह, माध्यमिक तह, स्नातक तह र स्नातकोत्तर वा माथिल्लो तह अध्ययन गरेका क्रमशः ४०.७३ प्रतिशत, ४३.०८ प्रतिशत, १३.३२ प्रतिशत र २.८७ प्रतिशत रहेका छन् ***(चार्टः४.१)***।




*स्रोतः स्थलगत सर्वेक्षण*

## ४.५ वैवाहिक अवस्था

स्थलगत सर्वेक्षणमा समावेश गरिएका ३८३ नमूनामध्ये विवाहित ८५.९० प्रतिशत अर्थात ३२९ जना र अविवाहित १४.१० प्रतिशत अर्थात ५४ जना रहेका छन् । जसमा विवाहितमध्ये ३१७ जना पुरुष र १२ जना महिला रहेका छन् भने अविवाहित मध्ये ४३ जना पुरुष र ११ महिलाहरु रहेका छन् ***(तालिका :४.४)***।


**तालिका ४.४ : वैवाहिक अवस्था**

| वैवाहिक अवस्था | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| विवाहित | ३१७ | १२ | ३२९ | ८५.९० |
| अविवाहित | ४३ | ११ | ५४ | १४.१० |
| **जम्मा** | **३६०** | **२३** | **३८३** | **१००** |

*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.६ परिवारको किसिम


स्थलगत सर्वेक्षणमा समावेश गरिएका ३८३ वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुमा संयुक्त परिवारमा ६२.१४ प्रतिशत अर्थात् २३८ जना र एकल परिवारमा ३७.८६ प्रतिशत अर्थात् १४५ जना बसोबास गर्ने गरेका छन् । विभिन्न आर्थिक, सामाजिक, साँस्कृतिक एवम् पारिवारिक कारणहरुले गर्दा संयुक्त परिवारमा बस्ने व्यक्तिहरुको सङ्ख्या धेरै रहेको देखिन्छ ***(चार्ट : ४.२)***।




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.७ वैदेशिक रोजगारीका गन्तव्य मुलुक


वैदेशिक रोजगारीका गन्तव्य मुलुकहरुमध्ये सबैभन्दा बढी **यूएईमा २४.२८ प्रतिशत** र सबैभन्दा कम **ओमन तथा बहराइन दुबैमा १.८३ प्रतिशत** वैदेशिक रोजगारीमा गएको देखिन्छ । त्यसैगरी अन्य गन्तव्य मुलुकहरु कतार**,** साउदी अरब, अन्य (जापान, अस्ट्रेलिया आदि), मलेसिया, कुवेत, दक्षिण कोरिया, अमेरिका र युरोपमा क्रमशः २१.१५ प्रतिशत, १८.८० प्रतिशत, ११.४९ प्रतिशत, ९.४० प्रतिशत, ३.१३ प्रतिशत, २.३५ प्रतिशत, २.६१ प्रतिशत र ३.१३ प्रतिशत रहेका छन् । खाडी मुलुकमा कुल नमूनाको ७१.०१ प्रतिशत श्रमिक वैदेशिक रोजगारीमा आबद्ध रहेका छन् ***(चार्ट :४.३***) ।




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.८ वैदेशिक रोजगारीमा रहेको अवधि


स्थलगत सर्वेक्षण अनुसार वैदेशिक रोजगारीमा गएकाहरुमध्ये ५ वर्षभन्दा कम अवधि वैदेशिक रोजगारीमा रहेका ३६.८२ प्रतिशत, ५ देखि १० वर्ष ३१.५९ प्रतिशत र १० वर्षभन्दा बढी अवधि भएका ३१.५९ प्रतिशत रहेका छन् । कमजोर आर्थिक अवस्था तथा रोजगारीको अवसर न्यून हुनुका कारण अधिकांश व्यक्तिहरु लामो समयसम्म वैदेशिक रोजगारीमा रहेको पाइयो ***(चार्ट :४.४)*** ।




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.९ वैदेशिक रोजगारीमा जानुका कारण


सर्वेक्षण अनुसार वैदेशिक रोजगारीमा जानुका प्रमुख कारणहरुमध्ये सबैभन्दा बढी पारिवारिक आर्थिक अवस्था सुधार्न ४१.८० प्रतिशत र सबैभन्दा कम अन्य कारण ०.२६ प्रतिशत रहेको छ । त्यसैगरी एकभन्दा बढी कारणले, राम्रो अवसरको खोजी, विदेशमा रोजगारीको अवसर भएकाले र ऋण लागेर वैदेशिक रोजगारी रोज्ने श्रमिकहरु क्रमशः ३४.५० प्रतिशत, २०.१० प्रतिशत, २.६१ प्रतिशत र ०.७८ प्रतिशत रहेका छन् ***(चार्ट :४.५*** ) ।




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.१० वैदेशिक रोजगारीमा जानुपूर्व सीपमूलक तालिम र पेशामा आबद्धता

वैदेशिक रोजगारीमा जानुपूर्वको सीप तथा पेशागत आबद्धता दृष्टिगत गर्दा सीपमूलक तालिम लिएर २४.० प्रतिशत र सीपमूलक तालिम नलिई ७६.० प्रतिशत श्रमिक गएको देखिन्छ । त्यस्तै, वैदेशिक रोजगारीमा जानुपूर्व स्वदेशमा कुनै पेशामा आबद्धता रहेका श्रमिक ४०.० प्रतिशत र ६०.० प्रतिशत बेरोजगार रहेको पाइयो । *(चार्ट :४.६) ।*




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.११ वैदेशिक रोजगारीमा पेशागत आबद्धता

यस अध्ययनमा वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको पेशालाई लेवर/कामदार, सुरक्षा, होटल, ड्राईभर, प्राविधिक र अन्य गरी ६ वटा प्रमुख पेशामा वर्गीकरण गरिएको छ । कुल ३८३ नमूना सङ्ख्यामा सबैभन्दा बढी लेवर/कामदार पेशामा वैदेशिक रोजगारीमा गएका ४२.८० प्रतिशत रहेका छन् भने सबैभन्दा कम ड्राईभर पेशामा ४.७० प्रतिशत आबद्ध रहेका छन् । ड्राईभर पेशामा आबद्धमध्ये ६१.१० प्रतिशत श्रमिकहरुले वैदेशिक रोजगारमा जानुपूर्व तालिम लिएका छन । सबैभन्दा बढी सङ्ख्यामा वैदेशिक रोजगारीमा गएका लेवर/कामदारहरुमध्ये १०.४० प्रतिशतले मात्र जानुपूर्व सीप विकास तालिम लिएको देखिन्छ । वैदेशिक रोजगारमा जानुपूर्व तालिम लिएका मध्ये ८९.६० प्रतिशत लेवर/कामदार बाहेकका पेशामा कार्यरत छन् *(तालिका:४.५)* ।

**तालिका ४.५: वैदेशिक रोजगारीमा पेशागत आबद्धता**

| पेशा | सङ्ख्या | प्रतिशत | तालिम लिएको | प्रतिशत |
|---|---|---|---|---|
| लेवर/कामदार | १६४ | ४२.८ | १७ | १०.४ |
| सुरक्षा | ४८ | १२.५ | १४ | २९.२ |
| होटल | ७५ | १९.६ | २८ | ३७.३ |
| ड्राईभर | १८ | ४.७ | ११ | ६१.१ |
| प्राविधिक | ३५ | ९.१ | १२ | ३४.३ |
| अन्य | ४३ | ११.२ | ११ | २५.६ |
| **जम्मा** | **३८३** | **१००.०** | **९३** | **१००.०** |

*स्रोत :स्थलगत सर्वेक्षण*

## वैदेशिक रोजगारीका कारण परेको आर्थिक प्रभाव

### ४.१२ आर्थिक सूचकहरु

वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्थामा परेको विभिन्न प्रभावहरुलाई Likert Scale प्रश्नावलीका आधारमा बढेको, यथावत् र घटेको गरी तीन भागमा वर्गीकरण एवम् विश्लेषण गरिएको छ । वैदेशिक रोजगारीमा गएका परिवारहरुको आर्थिक अवस्था मूल्याङ्कन गर्न लिईएका विभिन्न ८ वटा आर्थिक पक्षमा करिब ९६.० प्रतिशत उत्तरदाताले वैदेशिक रोजगार पश्चात् दैनिक उपभोग खर्च र चाडपर्व/मनोरञ्जन/सामाजिक खर्च बढेको बताएका छन् भने करिब ६५.० प्रतिशत उत्तरदाताले व्यापार/व्यवसाय, गरगहना र घर/घडेरी खरिद बढेको बताएका छन् । अध्ययनमा खेतीयोग्य जमिन १३.०५ प्रतिशतको बढेको र ३५.५१ प्रतिशतको घटेको बताएका छन् भने शेयरमा लगानी १२.२७ प्रतिशतको बढेको र ०.२६ प्रतिशतको घटेको बताएका छन् । नमूना छनौटमा परेका ३८३ सदस्यहरुमध्येका ८८.२५ प्रतिशत परिवारले अर्थतन्त्रको महत्वपूर्ण सूचकको रुपमा रहेको बचत समेत बढेको बताएका छन् । यस अर्थमा वैदेशिक रोजगारीको कारण वित्तीय पहुँच बढ्न गएको बुझ्न सकिन्छ । समग्रमा वैदेशिक रोजगारीका कारण खेतीयोग्य जमिन घटेको देखिन्छ भने दैनिक उपभोग खर्च, चाडपर्व/मनोरञ्जन/सामाजिक खर्च, गर गहना र घर/घडेरी खरिद गर्ने परिवार बढेको देखिन्छ ***(तालिका:४.६)*** ।


**तालिका ४.६ : आर्थिक सूचकहरु (प्रतिशतमा)**

| विवरण | बढेको | यथावत् | घटेको |
|---|---|---|---|
| खेतीयोग्य जमिन | १३.०५ | ५१.४४ | ३५.५१ |
| घर/घडेरी खरिद | ६५.८० | ३३.४२ | ०.७८ |
| व्यापार/व्यवसाय | ६८.२१ | २८.४८ | ३.३१ |
| शेयर कारोवार | १२.२७ | ८७.४७ | ०.२६ |
| गरगहना | ६३.१९ | ३४.४६ | २.३५ |
| बचत | ८८.२५ | १०.७१ | १.०४ |
| दैनिक उपभोग खर्च | ९६.६१ | २.८७ | ०.५२ |
| चाडपर्व/मनोरञ्जन/सामाजिक खर्च | ९६.०८ | ३.३९ | ०.५३ |
| **जम्मा** | **६९.४९** | **२४.१५** | **६.३६** |

*स्रोत :स्थलगत सर्वेक्षण*

### ४.१३ आम्दानीस्तर


स्थलगत सर्वेक्षण अनुसार वैदेशिक रोजगारीबाट रु.५ लाखसम्म वार्षिक आम्दानी गर्ने श्रमिकको सङ्ख्या सबैभन्दा बढी ४२.३० प्रतिशत रहेको छ भने रु.१० लाख भन्दा माथि वार्षिक आम्दानी गर्ने श्रमिकको सङ्ख्या सबैभन्दा कम १८.०१ प्रतिशत रहेको देखिन्छ । त्यस्तै रु.५ देखि १० लाखसम्म वार्षिक आम्दानी गर्नेको सङ्ख्या ३९.६९ प्रतिशत रहेको देखिन्छ ***(चार्ट: ४.७) ।***




*स्रोत :स्थलगत सर्वेक्षण*

### ४.१४ वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च

वैदेशिक रोजगारीमा जाँदा लागेको खर्चको वर्गीकरण अनुसार रु.१-२ लाखसम्म खर्च गरेर जाने श्रमिक सबैभन्दा बढी ४२.० प्रतिशत र रु.३-४ लाखसम्म खर्च गरेर जाने संख्या सबैभन्दा कम ४.७० प्रतिशत रहेका छन् । त्यस्तै, रु.१ लाखसम्म, रु.२ देखि ३ लाख र रु.४ लाख माथि खर्च गरेर वैदेशिक रोजगारीमा जाने संख्या क्रमशः २२.५० प्रतिशत, १४.९० प्रतिशत र १५.९० प्रतिशत रहेका छन् । वैदेशिक रोजगारीको लागि खाडी मुलुक जानेहरु मध्ये सबैभन्दा बढी ३६.० प्रतिशतले रु.१-२ लाखसम्म र सबैभन्दा कम २.६० प्रतिशत श्रमिकहरुले रु.४ लाख भन्दा माथि खर्च गरेर गएको देखिन्छ । त्यस्तै, रु.१ लाखसम्म, रु.२ देखि ३ लाख र रु.३ देखि ४ लाखसम्म वैदेशिक रोजगारीमा जाँदा क्रमशः १८.५० प्रतिशत, १०.२० प्रतिशत र ३.७० प्रतिशत श्रमिकहरुले खर्च गरेको देखिन्छ(*चार्ट४.८)* ।





*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.१५ वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च व्यवस्थापन

यस अध्ययनमा वैदेशिक रोजगारीमा जाँदा लागेको खर्च व्यवस्थापनका लागि वर्गीकरण गरिएका माध्यमहरुमध्ये बैंक/वित्तीय संस्था तथा सहकारीलाई बैंकिङ्ग माध्यम र स्व-बचत, पारिवारिक सदस्य, साथीभाई, आफन्त, साहुमहाजनबाट सापटी र अन्य लाई गैर–बैंकिङ्ग माध्यम गरी २ वर्गमा वर्गीकरण गरि विश्लेषण गरिएको छ । अध्ययनमा समेटिएका नमूनामध्ये सबैभन्दा बढी ८४.९० प्रतिशत श्रमिकले वैदेशिक रोजगारीमा जाँदा लागेको खर्चको व्यवस्था गैर-बैंकिङ्ग माध्यमबाट गरेका छन् भने १५.१० प्रतिशत श्रमिकले बैंकिङ्ग माध्यमको प्रयोगबाट गरेका छन् ***(चार्ट ४.९ )***।

**चार्ट ४.९ : वैदेशिक रोजगारीमा जादाँ लागेको खर्च व्यवस्थापन**





*स्रोत : स्थलगत सर्वेक्षण*

## ४.१६ सम्झौता अनुसारको काम तथा तलब

यस अध्ययनमा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुमध्ये ८२.० प्रतिशतले सम्झौता अनुसार काम पाउने गरेका उल्लेख गरेका छन् भने १८.० प्रतिशत श्रमिकहरुले सम्झौता अनुसार काम पाउन नसकेको अवस्था व्यक्त गरेका छन् । त्यसैगरी, वैदेशिक रोजगारीमा गएका श्रमिकहरुमध्ये ८०.० प्रतिशतले सम्झौता अनुसार तलब पाउने गरेका छन् भने २०.० प्रतिशतले सम्झौता अनुसार तलब सुबिधा पाउन नसकेको अवस्था छ । ***(चार्ट ४.१०)***।


**चार्ट ४.१० :सम्झौता अनुसारको काम तथा तलब**




*स्रोत :स्थलगत सर्वेक्षण*

### ४.१७ विप्रेषण आप्रवाहको माध्यम


यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न व्यक्ति र परिवारका सदस्यहरुमध्ये वैदेशिक रोजगारीबाट प्राप्त आयलाई ९७.६५ प्रतिशतले बैंकिङ्ग माध्यमबाट स्वदेशमा पठाउने गरेको र २.३५ प्रतिशतले मात्र गैर-बैंकिङ्ग माध्यम मार्फत् पठाउने गरेको बताएका छन् । कतिपयले अनौपचारिक माध्यमबाट नेपाल पठाउने र स्वदेशमा सम्बन्धित परिवारले बैंक खाता मार्फत भुक्तानी लिने गरेको कारोवारलाई समेत बैंकिङ्ग माध्यम भनेको हुनसक्ने सम्भावना हुँदा बैंकिङ्ग माध्यमबाट प्राप्त हुने विप्रेषणको प्रतिशत बढी भएको हुन सक्ने देखिन्छ । त्यस्तै, ***(चार्ट ४.११) ।***




*स्रोत : स्थलगत सर्वेक्षण*

### ४.१८ आम्दानी , खर्च र बचतको अवस्था


अध्ययनमा समेटिएका संलग्न परिवारको वैदेशिक रोजगारीमा जानुपूर्व र गए पश्चात् आम्दानी, खर्च र बचतको तुलना गर्दा वैदेशिक रोजगारीमा गए पश्चात् औसत आम्दानी करिव रु.२ लाख २१ हजारमा २८१.४५ प्रतिशतले वृद्धि भई रु.८ लाख ४३ हजार पुगेको छ भने औसत खर्च करिव रु.१ लाख ९० हजारमा १२४.७४ प्रतिशतले वृद्धि भई रु.४ लाख २७ हजार पुगेको छ । त्यसैगरी, औसत बचत रु.३१ हजारमा उल्लेख्य वृद्धि भई रु.४ लाख १६ हजार पुगेको देखिन्छ । वैदेशिक रोजगारीमा जानुपूर्व परिवारको बचत ज्यादै न्यून भएकाले गए पश्चात् औसत बचतको प्रतिशत परिवर्तन बढी देखिएको हो ***(चार्ट : ४.१२) ।***




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.१९ विप्रेषण बचत रकमको लगानी


यस अध्ययनमा समेटिएका वैदेशिक रोजगारीमा संलग्न श्रमिक र परिवारका सदस्यहरुले वैदेशिक रोजगारीबाट प्राप्त बचत रकमलाई एक वा एक भन्दा बढी क्षेत्रमा लगानी गरेको देखिन्छ । छनौटमा परेका नमूना अध्ययनको आधारमा वैदेशिक रोजगारीमा संलग्न ६८.४१ प्रतिशत श्रमिक/परिवारका सदस्यहरुले घर/जग्गा खरिद एवम् निर्माणमा बचत रकम लगानी गरेका छन् । त्यसैगरी, बैंक बचत, सुन/चादीं खरिद, व्यापार व्यवसाय, सामाजिक कार्य, व्यक्तिगत लगानी र शेयर खरिदमा क्रमशः ६६.०२ प्रतिशत, ५२.६७ प्रतिशत, १२.२७ प्रतिशत, १२.०१ प्रतिशत, ९.१४ प्रतिशत र ४.४४ प्रतिशतले बचत रकम लगानी गरेका छन् ***(चार्ट ४.१३) ।***




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.२० पारिवारिक खर्चको अवस्था


अध्ययनमा समेटिएका वैदेशिक रोजगारीमा संलग्न श्रमिकहरुको पारिवारिक खर्च संरचनामा सबैभन्दा बढी दैनिक उपभोगमा ५८.७८ प्रतिशत, शिक्षा र स्वास्थ्यमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.०७ प्रतिशत र मनोरञ्जन तथा अन्यमा ८.६७ प्रतिशत खर्च गर्ने गरेका छन् ***(चार्ट : ४.१४) ।***




*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.२१ भुक्तानीको माध्यम


अध्ययनमा समेटिएका वैदेशिक रोजगारीमा संलग्न श्रमिक र परिवारका सदस्यहरुमध्ये आफूले सरसामान खरिद गर्दा भुक्तानी माध्यमको रुपमा १४.० प्रतिशतले नगदको प्रयोग गर्ने गरेका छन् भने ४८.० प्रतिशत परिवारले चेक र ३८.० प्रतिशत परिवारले विद्युतीय माध्यम प्रयोग गर्ने उल्लेख गरेका छन् । यस अध्ययनमा बैंक खाता भएकाले समेत बैंकिङ्ग उपकरणहरुको प्रयोग नगरी नगदमा मात्र कारोबार गर्ने गरेको जानकारी दिएकाले उक्त सङ्ख्या बढी देखिएको हो । वैदेशिक रोजगारीको आम्दानी बैंकिङ्ग माध्यमबाट पठाउने श्रमिकहरुको सङ्ख्या वृद्धिसंगै आर्थिक कारोवारमा बैंकिङ्ग उपकरणहरुको प्रयोग बढेको देखिन्छ ***(चार्ट ४.१५)***।




*स्रोत: स्थलगत सर्वेक्षण*

## ४.२२ बैंक खाताको अवस्था

स्थलगत सर्वेक्षणको क्रममा नमूना छनौटमा परेका वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक वा निजको एकाघर परिवारको बैंक खाताको अवस्थामा वैदेशिक रोजगारीमा जानुपूर्व ५०.१३ प्रतिशत परिवारको बचत खाता, १२.७९ प्रतिशत परिवारको कर्जा खाता रहेको पाइयो भने ३७.०८ प्रतिशत परिवारको कुनै पनि बैंक खाता नभएको अवस्था देखिएको थियो । वैदेशिक रोजगारीमा गए पश्चात् परिवारको बचत तथा कर्जा खाता खोल्ने परिवारको संख्यामा वृद्धि भई क्रमश: ६९.९७ प्रतिशत र २९.५० प्रतिशत पुगेको पाइयो । तर ०.५२ प्रतिशत परिवारको वैदेशिक रोजगारी पश्चात् पनि कुनै पनि खाता नभएको अवस्था रहेको छ ***(चार्ट:४.१६) ।***




*स्रोत: स्थलगत सर्वेक्षण*

## ४.२३ खर्च तथा बचत लगानीको निर्णय

यस अध्ययनमा नमूनाको रुपमा लिइएको ३८३ घरपरिवारमा हुने खर्च तथा लगानी सम्बन्धी निर्णयहरुका सम्बन्धमा ९७.९१ प्रतिशतले पारिवारिक सल्लाहबाट गर्ने गरेको देखिन्छ, जसमा घरका सदस्यहरु तथा श्रीमान/श्रीमती बीच भएका सल्लाहहरु समेत समावेश गरिएको छ । त्यसैगरी, जम्मा २.०९ प्रतिशतले मात्र स्वयम् निर्णय गर्ने गरेको पाइयो तर केही साना निर्णयहरु पारिवारिक सल्लाहमा गर्ने सदस्यहरुले समेत स्वयम् गर्ने गरेको देखिन्छ ***(तालिका ४.७)*** ।

**तालिका ४.७ : खर्च तथा बचत लगानीको निर्णय**


| विवरण | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पारिवारिक सल्लाह | ३०९ | ८०.६८ |
| पारिवारिक सल्लाह तथा श्रीमान/श्रीमती | ८ | २.०९ |
| पारिवारिक सल्लाह, श्रीमान/श्रीमती तथा स्वयम् | २ | ०.५२ |
| पारिवारिक सल्लाह तथा स्वयम् | १५ | ३.९२ |
| श्रीमान/श्रीमती | २८ | ७.३१ |
| श्रीमान/श्रीमती तथा स्वयम् | १३ | ३.३९ |
| स्वयम् | ८ | २.०९ |
| **जम्मा परिवार सङ्ख्या** | **३८३** | **१००** |

*स्रोत : स्थलगत सर्वेक्षण*

## सामाजिक क्षेत्रमा पारेको प्रभाव

## ४.२४ घरको संरचनागत परिवर्तन

यस अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न श्रमिक र परिवारका सदस्यहरुमध्ये ६४.४९ प्रतिशतले जस्तापाताको छानो, तला थप, मर्मत सम्भार र नयाँ घर निर्माण गरेका छन् भने ३५.५१ प्रतिशतले घरको संरचनागत रुपमा कुनै परिवर्तन नगरेको देखिन्छ (***चार्ट :४.१७***)।





*स्रोत : स्थलगत सर्वेक्षण*

## ४.२५ यातायातका साधनहरुको प्रयोग

अध्ययनमा वैदेशिक रोजगारीमा संलग्न श्रमिक र परिवारका सदस्यहरुमध्ये ५५.३५ प्रतिशतले सार्वजनिक सवारीका साधन मात्र प्रयोग गर्ने गरेको र ४४.६५ प्रतिशतले सार्वजनिक तथा निजी सवारीको साधन प्रयोग गर्ने गरेको देखिन्छ ***(चार्ट ४.१८)*** ।

**चार्ट ४.१८ : यातायातका साधनहरुको प्रयोग**





*स्रोत :स्थलगत सर्वेक्षण*

## ४.२६ सञ्चारका साधनहरुको प्रयोग

नमूना छनौटमा परेका वैदेशिक रोजगारीमा संलग्न श्रमिक वा निजको एकाघर परिवारले वैदेशिक रोजगारीमा जानुपूर्व ४३.०८ प्रतिशत परिवारले सामान्य सञ्चार माध्यम, ३७.६० प्रतिशत परिवारले आधुनिक सञ्चार माध्यम प्रयोग गरेको र १९.३२ प्रतिशत परिवार सञ्चार पहुँच बाहिर रहेका थिए भने वैदेशिक रोजगारीमा गए पश्चात ९८.९६ प्रतिशत परिवारले आधुनिक सञ्चार माध्यमको प्रयोग गरेको पाइन्छ, जुन सञ्चार क्षेत्रमा भएको सकारात्मक प्रभाव मान्न सकिन्छ ***(चार्ट ४.१९)*** ।


**चार्ट ४.१९ : सञ्चारका साधनहरुको प्रयोग**




*स्रोत: स्थलगत सर्वेक्षण*

## ४.२७ घरायसी सरसामानहरुको प्रयोग

स्थलगत सर्वेक्षणको क्रममा नमूना छनौटमा परेका श्रमिक वा निजको एकाघर परिवारले प्रयोग गर्ने घरायसी सामान्य सरसामान र आधुनिक सरसामान वर्गीकरण गरी विश्लेषण गरिएको छ । जस अर्न्तगत सामान्य सरसामानहरुमा (कार्पेट, खाट, पलङ र दराज) तथा आधुनिक सर-सामानहरुमा (सोफासेट, रुमहिटर, कुलर, एसी, गिजर, फ्रिज र वासिङ मेसिन)लाई राखी विश्लेषण गर्दा ४६.० प्रतिशत परिवारले सामान्य सरसामान मात्र र ५४.० प्रतिशत परिवारले आधुनिक सरसामान प्रयोग गरेको पाइयो ***(चार्ट ४.२०)*** ।




*स्रोत: स्थलगत सर्वेक्षण*

## ४.२८ बाल–बच्चाहरुको स्याहार–सुसार/पालन पोषणको अवस्था

स्थलगत नमूना सर्वेक्षण अनुसार वैदेशिक रोजगारीमा घरको मूल सदस्य गइसकेपछि बालबच्चाको हेरचाह तथा स्याहार–सुसार गर्ने तथा पालन पोषण गर्ने कार्यमा संलग्न बुवा/आमा सबैभन्दा बढी ५०.९१ प्रतिशत रहेको, एकाघर परिवारका सदस्यको संलग्नता ३०.५५ प्रतिशत, वैदेशिक रोजगारीमा जाने व्यक्तिका आफन्तको संलग्नतामा ०.७८ प्रतिशत तथा वोर्डस/होस्टेलमा बच्चाहरुलाई राख्ने कार्य ०.५२ प्रतिशत रहेको देखिएको छ । यसैगरी स्थलगत सर्वेक्षणका क्रममा १७.२४ अर्थात् ६६ जना अविवाहित तथा बालबच्चा नभएका परिवार सदस्य परेका छन् । अध्ययनबाट ८१.४६ प्रतिशत बुवा/आमा अथवा एकाघर परिवारबाट बालबच्चाको रेखदेख हुनु भनेको पारिवारिक सम्बन्ध सकारात्मक भएको इंगित गरेको देखिन्छ ***(तालिका ४.८ )।***


**तालिका ४.८ : बाल–बच्चाहरुको स्याहार–सुसार/पालनपोषणको अवस्था**

| विवरण | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बुवा/आमा | १९५ | ५०.९१ |
| एकाघर परिवार | ११७ | ३०.५५ |
| आफन्त | ३ | ०.७८ |
| वोर्डस/होस्टेल | २ | ०.५२ |
| अन्य (अविवाहित तथा बालबच्चा नभएका परिवार सदस्य समेत) | ६६ | १७.२४ |
| **जम्मा परिवार सङ्ख्या** | **३८३** | **१००.००** |

*स्रोत : स्थलगत सर्वेक्षण*

### ४.२९ स्वास्थ्य सेवामा पहुँचको अवस्था


शारीरिक सबलताको सूचक मानिने स्वास्थ्य सेवाको पहुँच मापन गर्दा वैदेशिक रोजगारीमा संलग्न श्रमिक तथा पारिवारिक सदस्यहरुको स्वास्थ्य सेवाको पहुँच कस्तो छ भन्ने सन्दर्भमा नमूना छनौटमा परेका परिवारमध्ये ११.० प्रतिशतले निजी क्लिनिकबाट मात्र स्वास्थ्य सेवा लिने गरेको, १२.० प्रतिशतले सरकारी स्वास्थ्य केन्द्रबाट सेवा लिने गरेको तथा ७७.० प्रतिशतले दुवै सेवा केन्द्रबाट सेवा लिने गरेको देखिन्छ । यसबाट हामीले सरकारी सेवा केन्द्रबाट प्रदान हुने स्वास्थ्य सेवामा आम मानिसहरुको विश्वास बढेको मान्न सकिन्छ ***(चार्ट ४.२१) ।***




*स्रोत : स्थलगत सर्वेक्षण*

### ४.३० स्वास्थ्य बीमा

यस स्थलगत सर्वेक्षणका आधारमा वैदेशिक रोजगारीमा संलग्नको ४८.० प्रतिशत घर परिवार स्वास्थ्य बीमामा आबद्ध भएको र ५२.० प्रतिशत घर परिवार अझै बीमाको पहुँच बाहिर रहेको अध्ययनले देखिएको छ । यस अध्ययन अनुसार अझै पनि जनसङ्ख्याको ठूलो हिस्सा स्वास्थ्य बीमाको पहुँचभन्दा बाहिर रहेको देखिन्छ ***(चार्ट ४.२२) ।***




*स्रोत : स्थलगत सर्वेक्षण*

### ४.३१ स्वास्थ्य बीमाको जिल्लागत विश्लेषण

स्वास्थ्य बीमाको जिल्लागत विश्लेषण गर्दा अध्ययनमा समेटिएका जिल्लाहरुमध्ये गुल्मी जिल्लामा सबैभन्दा धेरै ६९.२३ प्रतिशत आबद्धता देखिएको छ भने सबैभन्दा कम रोल्पामा २१.०५ प्रतिशत देखिएको छ। यसैगरी नमूना सर्वेक्षणअनुसार पाल्पा, अर्घाखाँची र रुपन्देही जिल्लामा बीमाको आबद्धता क्रमशः ६७.६९ प्रतिशत, ५७.८९ प्रतिशत र ३५.९७ प्रतिशत रहेको छ ***(तालिका ४.९ )।***


| तालिका ४.९: स्वास्थ्य बीमाको जिल्लागत विश्लेषण | | | | | |
|---|---|---|---|---|---|
| जिल्ला | नमूना सङ्ख्या | बीमामा आबद्धता भएको | आबद्धता प्रतिशत | आबद्धता नभएको | प्रतिशत |
| पाल्पा | ६५ | ४४ | ६७.६९ | २० | ३०.७७ |
| गुल्मी | ६५ | ४५ | ६९.२३ | २१ | ३२.३१ |
| अर्घाखाँची | ५७ | ३३ | ५७.८९ | २४ | ४२.११ |
| रोल्पा | ५७ | १२ | २१.०५ | ४५ | ७८.९५ |
| रुपन्देही | १३९ | ५० | ३५.९७ | ८९ | ६४.०३ |
| जम्मा परिवार सङ्ख्या | ३८३ | १८४ | | १९९ | |

*स्रोत : स्थलगत सर्वेक्षण*

## ४.३२ खानेपानीको प्रयोग

वैदेशिक रोजगारीमा संलग्न परिवारले प्रयोग गर्ने खानेपानीको स्रोतलाई परम्परागत तथा आधुनिक स्रोतमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । जसमा परम्परागत स्रोत अन्तर्गत मुल, पंधेरा, नदी, झरना तथा ह्यान्डपम्प र आधुनिक स्रोतमा खानेपानी धारा, सामान्य फिल्टर, आधुनिक फिल्टरलाई राखिएको छ । स्थलगत सर्वेक्षणअनुसार वैदेशिक रोजगारीमा जानुपूर्व ४३.०८ प्रतिशत परिवारले परम्परागत स्रोत र ५६.९२ प्रतिशत परिवारले आधुनिक स्रोत प्रयोग गर्ने गरेकोमा वैदेशिक रोजगारीमा संलग्न भए पश्चात २०.३७ प्रतिशत परिवारले परम्परागत स्रोत र ७९.६३ प्रतिशत परिवारले आधुनिक स्रोत प्रयोग गरेको पाइयो । यसबाट वैदेशिक रोजगारीले सम्बन्धित सदस्य एवम् पारिवारिक सदस्यमा शुद्ध खानेपानीको प्रयोग सम्बन्धी अवधारणामा सकारात्मक प्रभाव परेको देखिन्छ ***(चार्ट ४.२३)।***

चार्ट ४.२३: खानेपानीको प्रयोग




*स्रोत: स्थलगत सर्वेक्षण*

## ४.३३ पारिवारिक तथा सामाजिक प्रभाव

वैदेशिक रोजगारीका कारण परिवार तथा समाजमा परेको विभिन्न प्रभावहरुलाई Likert Scale प्रश्नावलीका आधारमा बिग्रिएको, कमजोर, यथावत् र सुधार गरी चार वर्गमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । नमूना सर्वेक्षण अनुसार समग्रमा २.०८ प्रतिशतको वैवाहिक सम्बन्ध बिग्रिएको, ३.६५ प्रतिशतको कमजोर भएको, ६१.६१ प्रतिशतले यथावत् रहेको र ३२.६६ प्रतिशतले सुधार भएको बताएका छन ।

| तालिका ४.१०: पारिवारिक तथा सामाजिक प्रभाव (प्रतिशत) | | | | |
|---|---|---|---|---|
| **विवरण** | **बिग्रिएको** | **कमजोर** | **यथावत्** | **सुधार** |
| वैवाहिक सम्बन्ध | २.०८ | ३.६५ | ६१.६१ | ३२.६६ |
| पारिवारिक सम्बन्ध | ०.५२ | ६.०० | ५५.२५ | ३८.२३ |
| सामाजिक सम्बन्ध | ०.२६ | ६.०० | ४७.७९ | ४५.९५ |
| पारिवारिक/सामाजिक सुरक्षा | ०.७८ | ११.७५ | ५२.४९ | ३४.९८ |
| **औसत प्रतिशत** | **०.९१** | **६.८५** | **५४.२८** | **३७.९६** |

*स्रोत :स्थलगत सर्वेक्षण*

सर्वेक्षण अनुसार वैदेशिक रोजगारीका कारण पारिवारिक तथा सामाजिक क्षेत्रमा पारेको समग्र अवस्थाको विश्लेषण गर्दा औसतमा ०.९१ प्रतिशतले बिग्रिएको, ६.८५ प्रतिशतले कमजोर भएको, ५४.२८ प्रतिशतले यथावत् रहेको तथा ३७.९६ प्रतिशतले सुधार भएको बताएका छन् । वैदेशिक रोजगारीका कारण आर्थिक अवस्थामा सुधार, शिक्षा तथा स्वास्थ्यमा पहुँच, सामाजिक कार्यमा संलग्नता बढेसँगै पारिवारिक तथा सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव परेको बताएका छन् । सम्झौता अनुसार काम तथा तलव नपाउनु, लामो समयसम्म घर फर्किन नपाउनु, स्वास्थ्यमा समस्या देखिनु जस्ता कारण ७.७६ प्रतिशत परिवारको पारिवारिक तथा सामाजिक अवस्था कमजोर/बिग्रिएको हुन सक्ने देखिन्छ ***(तालिका :४.१०) ।***

## ४.३४ संघ/संस्थाहरुमा आबद्धता

स्थलगत सर्वेक्षणको नमूना छनौटमा परेका घरका सदस्य वैदेशिक रोजगारीमा जानु अघि लघुवित्त/सहकारी तथा अन्य संघ/संस्थामा आबद्ध हुने परिवार ३७.३४ प्रतिशत रहेकोमा वैदेशिक रोजगारी पश्चात् सोमा वृद्धि भई ६४.२३ प्रतिशत पुगेको देखिन्छ । वैदेशिक रोजगारीमा जानुपूर्वका ६२.६६ प्रतिशत घरपरिवारका सदस्य कुनै संघ/संस्थामा आबद्धता नभएको देखिन्छ । वैदेशिक रोजगारी पश्चात् संघ/संस्थामा आबद्ध नहुने परिवार ३५.७७ प्रतिशतमा घटेको देखिन्छ जसले सामाजिक क्षेत्रमा सकारात्मक प्रभाव परेको देखिन्छ***(तालिका ४.११) ।***

| तालिका ४.११ : संघ/संस्थामा आबद्धता | | | |
|---|---|---|---|
| **बिवरण** | **विवरण** | **जानु पूर्व** | **गए पश्चात** |
| आबद्धता भएको | लघुवित्त/सहकारी | १२८ | २१४ |
| | अन्य संघ/संस्था | १५ | ३२ |
| | परिवार सङ्ख्या | १४३ | २४६ |
| | प्रतिशत | ३७.३४ | ६४.२३ |
| | **जम्मा परिवार सङ्ख्या** | **३८३** | **३८३** |
| आबद्धता नभएको | परिवार सङ्ख्या | २४० | १३७ |
| | प्रतिशत | ६२.६६ | ३५.७७ |

*स्रोत : स्थलगत सर्वेक्षण*

# परिच्छेद-५

# निष्कर्ष तथा सुझाव

विगत दुई सय वर्षभन्दा अघिदेखि भारतबाट शुरु भएको नेपालको वैदेशिक रोजगारीको यात्रा हालका दिनहरुमा विश्वका अधिकांश देशहरुमा पुगेको छ । वैदेशिक रोजगारीमा ठूलो हिस्सा ओगटेको लुम्बिनी प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गरी यो अध्ययन सम्पन्न गरिएको छ । यस अध्ययनमा विश्लेषण गरिएको अनुसूची-१ बमोजिमका तथ्याङ्क एवम् अनुसूची-२ र ३ अनुसार प्राप्त जानकारी तथा सुझावहरुलाई समेत समावेश गरी देहाय बमोजिमका निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

## ५.१ निष्कर्ष

- न्यून आय भएका श्रमिकहरु जसको वार्षिक बचत समेत नगण्य थियो उनीहरु वैदेशिक रोजगारीमा गए पश्चात् आफू लगायत आफ्ना परिवारका दैनिक आवश्यकताहरु परिपूर्ति गर्दै औसतमा वार्षिक करिव ४ लाख २० हजार बचत गर्न सक्षम भएको देखिन्छ ।
- वैदेशिक रोजगारीका कारण वैदेशिक रोजगारीमा संलग्न परिवारहरुले प्रयोग गर्ने दैनिक उपभोग्य वस्तु, शिक्षा, स्वास्थ्य लगायतका सेवाहरुको गुणस्तरमा वृद्धि हुनुका साथै ६८.४१ प्रतिशतले आफ्नो तथा परिवारका नाममा घर/जग्गा खरिद एवम् निर्माण गरेको देखिन्छ ।
- वैदेशिक रोजगारीमा संलग्न व्यक्ति/परिवारले खर्च तथा बचत लगानीको निर्णय गर्दा ८०.६८ प्रतिशतले पारिवारका सदस्यहरुबीच आपसी सरसल्लाह गरेर मात्र गर्ने गरेकोले पारिवारिक मेलमिलाप सुदृढ भएको देखिन्छ ।
- वैदेशिक रोजगारीमा जानु अघि ६३.० प्रतिशतको मात्र बैंक खाता रहेकोमा विप्रेषण रकम प्राप्त गर्न थाले पश्चात् बैंकिङ्ग कारोवार तथा डिजिटल भुक्तानी प्रणालीमा समेत अधिकांश परिवारहरुको पहुँच पुगेको देखिएको छ ।
- वैदेशिक रोजगारीमा गए पश्चात अध्ययनमा समेटिएका ९८.९६ प्रतिशत परिवारले आधुनिक सञ्चार माध्यमको प्रयोग गरेको देखिँदा सञ्चारको पहुँच सकारात्मक भएको देखिन्छ ।
- वैदेशिक रोजगारीमा संलग्न परिवारका अधिकांश बालबच्चाहरुको हेरविचार परिवारका सदस्यहरुबाटै हुने गरेको देखिन्छ । त्यस्तै परिवारका महिला सदस्यहरु विभिन्न संघ-संस्थामा आबद्ध हुने गरेका छन् जसले महिलाहरुको स्व-निर्णय क्षमता वृद्धि गर्नुका साथै महिला सशक्तीकरण गर्दै आत्मनिर्भर बनाउन अभिप्रेरित गरेको देखिन्छ ।
- आर्थिक अभावमा जीवनयापन गरेको परिवारका सदस्य वैदेशिक रोजगारीमा गए पश्चात् अधिकांश परिवारको सम्बन्ध राम्रो रहेको अध्ययनले देखाएको छ भने करिव ६.० प्रतिशत परिवारको सम्बन्ध कमजोर भएको पाईएको छ ।
- वैदेशिक रोजगारी पश्चात् अधिकांश परिवारले शुद्ध खानेपानीको प्रयोग, गुणस्तरीय निजी तथा सार्वजनिक सवारी साधनहरुको प्रयोग गर्ने गरेको देखिन्छ ।

- वैदेशिक रोजगारी पश्चात् पारिवारिक सदस्यहरुको खानपान, लत्ताकपडा, बसाईको गुणस्तर वृद्धि हुनुका साथै सामाजिक सम्बन्ध समेत राम्रो भएको अध्ययनले देखाउँछ ।

## ५.२ सुझाव

- वैदेशिक रोजगारीमा जाने निम्न वर्गीय परिवारहरुलाई मध्यनजर गर्दै रोजगारीमा जाँदा लाग्ने लागत न्यूनीकरण गर्ने तथा आवश्यक तालिम र प्रशिक्षणद्धारा सीप विकास गरेर गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गरी श्रमिकहरुलाई वैदेशिक रोजगारमा पठाउने व्यवस्था गरेमा विप्रेषण आम्दानीमा वृद्धि हुने देखिन्छ ।
- वैदेशिक रोजगारीमा जाने सङ्ख्याको वृद्धिसंगै अध्ययनमा समेटिएका परिवारहरुमध्ये ३५.५१ प्रतिशतको खेतीयोग्य जमिन बाँझो भई घटेको देखिएकाले वैदेशिक रोजगारीबाट प्राप्त हुने रकमलाई पूर्ण सदुपयोग गर्दै कृषि उत्पादन बढाउन विशेष नीतिगत व्यवस्था गर्नुपर्ने देखिन्छ ।
- वैदेशिक रोजगारीमा गएर फर्किएका व्यक्तिहरुको ज्ञान, सीप तथा अनुभवलाई केन्द्रमा राखेर तीनै तहका सरकारले ल्याएका विशेष कृषि, पशुपालन, लघुउद्यम कार्यक्रमहरुमा विशेष आकर्षण नदेखिएकाले सरकारका उक्त नीतिहरुलाई थप परिमार्जन गरी लगानी प्रोत्साहन गर्न उचित कदम चाल्नुपर्ने देखिन्छ ।
- यस अध्ययनमा वैदेशिक रोजगारीबाट आप्रवाह हुने विप्रेषण रकम ९७.६५ प्रतिशतले बैंकिङ्ग माध्यमको प्रयोग गरी पठाउने गरेको देखिएता पनि उक्त रकम अनौपचारिक माध्यमबाट नेपाल भित्रिने र स्वदेशमा सम्बन्धित परिवारको बैंक खातामा जम्मा हुने जानकारी पाईएकोले यसलाई पूर्णरुपमा बैंकिङ्ग माध्यममा ल्याउन सम्बन्धित निकायहरुले नीति नियमहरु परिमार्जन गर्नुपर्ने देखिन्छ ।
- आधारभूत तहको पाठ्यक्रममा वैदेशिक रोजगारी तथा आय आर्जन र समस्या/चुनौतीहरु समावेश गरी पठनपाठन गराउने र वैदेशिक रोजगारीमा जाने कामदार एवम् उनीहरुको परिवारलाई प्राप्त हुने आयको उचित उपयोगका लागि वित्तीय साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न सकेमा वैदेशिक रोजगारी थप प्रभावकारी हुने देखिन्छ ।
- वैदेशिक रोजगारीमा जाने श्रमिकका पारिवारिक सदस्यलाई जानुपूर्व अनिवार्य बैंक खाता खोल्न लगाई विप्रेषण रकमलाई बैंक खातामार्फत् नै पठाउने व्यवस्था मिलाउने र पुनः श्रम स्वीकृति लिँदा बैंक खातामार्फत् विप्रेषण रकम आए–नआएको एकिन गरेर मात्र श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था गरेमा सम्पूर्ण विप्रेषण आप्रवाह औपचारिक माध्यमबाट आउने देखिन्छ ।

# सन्दर्भ सामग्री


Adhikari, M. B. (2020). *The Foreign Employment, Remittance and its Impacts on Nepalese Economy* . Journal of Emerging Technologies and Innovative Research (JETIR).

Ghimire et al., (2022). *Impacts of COVID-19 on Wives of Nepali Migrants and Future Foreign Employment Decision- making.* Pluto Journals.

National Planning Commission. (2079). *Impact on Poverty alleviation and Social Security from Foreign Employment.*

Hunte, C. K. (2004). *Workers' Remittances, Remittance Decay and Financial Deepening in Developing Countries.* The American Economist, 48(2).

Javid et al.,(2012). *Impact of Remmittances on Economic growth and Poverty.*

Cantore, N.and Cali,M. (Fall 2015)). *The Impact of Temporary Migration on Source Countries.* The International Migration Review, Vol. 49, No. 3 .

Fayissa, B., & Nsiah, C. (2010). *The Impact of Remittances on Growth and Development in Africa.* The American Economist, 55(2).

Osmani,S.R. & Mahmud,W. (1980). *Impact of Emigrant Workers' Remittances on the Bangladesh Economy.* The Bangladesh Development Studies , Vol. 8, No. 3 .

Shrestha,B. (2021). *Contribution of Foreign Employment and Remittances to Nepalese Economy.*

Rai, D. K. (2016). *Econmic and Social condition of the women returned from foreign employment in Nepal.* (A Case Study of Nilkantha Municipality, Dhading District )

Sapkota, K. B. ( 2018). *labour market,foreign employment and remittance in Nepal* .Tribhuvan University Journal .

Banjara et al., (2020). *Assessment of remittance and its impacts on economic growth in Nepal*. Archives of Agriculture and Environmental Science.

# अनुसूची - १

## वैदेशिक रोजगारी पश्चात्का सफल उद्यमशीलता

### १. Banana and Mushroom Restaurant तथा हाम्रो च्याउ उद्योग






तानसेन नगरपालिका वडा नं. १० घर भएका राजु विष्टले प्रवीणता प्रमाणपत्र तहसम्मको पढाई पछि वैदेशिक रोजगारीको सिलसिलामा यूएई एवम् कतारमा करिब १५ वर्ष बिताएका थिए । विदेशमा सिकेका ज्ञान, सीप तथा अनुभवलाई नेपालमा प्रयोग गर्ने अठोट सहित २०७३ सालमा नेपाल फर्किई पर्यटन व्यवसाय शुरु गरेका उनले २०७५ सालमा कुल रु.१ करोड ५० लाख लगानीमा तानसेन नगरपालिका वडा नं. ८ भालेवासमा Banana and Mushroom Restaurant सञ्चालन तथा हाम्रो च्याउ उद्योग मार्फत २५ रोपनी जग्गामा सिटाके र कन्ने जातका च्याउ तथा तरकारी खेती गरेका छन् । उनको च्याउ उद्योग सिटाके च्याउका लागि लुम्बिनी प्रदेशकै उत्कृष्ट मानिन्छ । उक्त उत्पादन केन्द्रमा च्याउ खेतीका लागि २० वटा तथा तरकारी खेतीका लागि १२ वटा गरी जम्मा ३२ वटा टनेल रहेका छन् । उक्त टनेलहरु मध्ये १० वटा टनेल निर्माणका लागि नेपाल सरकारबाट ५० प्रतिशत अनुदान समेत पाएको उनले बताए ।

उनले १० जनालाई प्रत्यक्ष रोजगारी दिएका छन् भने सयौंको सङ्ख्यामा अप्रत्यक्ष रोजगारी समेत दिएका छन् । रेष्टुरेन्ट तथा च्याउ/तरकारी खेतीबाट वार्षिक करिब रु.१ करोड बराबरको कारोवार हुने गरेकोमा सो बाट करिब २० प्रतिशत नाफा हुने समेत उनले जानकारी गराएका छन् । उत्पादित च्याउ तथा तरकारीको बजार क्षेत्र तानसेन, बुटवल, भैरहवा, नारायणगढ लगायतका शहरहरु भएको र आफ्नो व्यवसायबाट सन्तुष्ट समेत रहेका उनले यस क्षेत्रमा सिटाके च्याउ खेती सम्बन्धी सीप विकास तालिम समेत सञ्चालन गर्ने गरेका छन् । बजारमा उन्नत जातका बीउबिजन तथा गुणस्तरीय कीटनाशक औषधी उपलब्ध हुन नसक्दा च्याउ तथा तरकारीको क्षमता अनुरुप उत्पादन हुन नसकेको अवस्था रहेको उनले जानकारी गराए । अर्गानिक तरकारी तथा अन्य कृषि उत्पादनहरु मार्फत कृषि पर्यटन विस्तार गर्न सकिने सम्भावना रहेको समेत बताए ।

अन्तर्वार्ताका क्रममा उनले बताएका समस्या तथा सुझावहरु :

**समस्या :**

- राज्यस्तरबाट आधुनिक कृषिलाई प्राथमिकतामा राखी आधुनिक कृषि यन्त्र/उपकरणहरुको सहज रुपमा उपलब्ध गराउन नसक्नुले युवा वर्ग कृषि व्यवसायमा आकर्षित हुन नसकेको ।
- सरकार र बैंकसँग वास्तविक किसानहरुको सहज पहुँच पुग्न नसक्दा सरकारबाट प्रदान हुने अनुदान एवम् सहुलियतपूर्ण सुविधाहरुबाट किसानहरु बञ्चित हुने अवस्था रहेको ।
- भारत सरकारले कृषि उत्पादनमा पर्याप्त अनुदान दिने तथा खुला सिमानाको कारण सहज आयात समेत हुने भएकाले भारतीय उत्पादनसँग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था रहेको ।

**सुझाव :**

- नेपाल सरकारले कृषिलाई प्राथमिकतामा राखी कृषकहरुलाई उन्नत बीउबिजन, आधुनिक यन्त्र/उपकरणहरु एवम् कृषि प्राविधिक सहज रुपमा उपलब्ध गराउन सकेमा कृषि उत्पादनमा देश आत्मनिर्भर हुन सक्ने ।
- सरकारबाट प्रदान गरिने विभिन्न छुट, सहुलियत तथा अनुदानहरु वास्तविक किसानको पहुँचमा पुऱ्याउन विशेष कार्यक्रमहरुको व्यवस्था गर्नुपर्ने ।
- वैदेशिक रोजगारीमा गएका युवाहरुलाई लक्षित गरेर सहज रुपमा कृषि अनुदान तथा सुलभ कृषि कर्जाको व्यवस्था गर्न सकेमा स्वदेशी उत्पादनले अन्य देशका उत्पादनसँग प्रतिस्पर्धा गर्न सक्ने ।

## २ . दाजुभाइ कृषि फर्म






गुल्मी जिल्लाको रुरु गाँउपालिका-४ बलेटक्सारमा बसोबास गर्ने ३२ वर्षका कुलचन्द्र ज्ञवालीले वि.स.२०६८ सालमा कुखुरापालन व्यवसायबाट व्यावसायिक जीवन शुरुवात गरेका थिए । उक्त व्यवसायमा विविध कारणले करिब २० लाख गुमाए पश्चात् उनी रोजगारीको सिलसिलामा खाडी मुलुक यूएई पुगे ।

स्वदेशमा नै केही गर्नुपर्छ भन्ने अठोट लिएर कुलचन्द्र ज्ञवाली ४ वर्ष विदेशमा काम गरी स्वदेश फर्किए । स्वदेश फर्किए पश्चात् २५ वर्षका भाइ कपिल ज्ञवालीसँगको सहकार्यमा २०७५ सालमा **दाजुभाइ कृषि फर्म** खोलेर पुन व्यावसायिक जीवनको शुरुवात गरे । शुरुको वर्ष खुल्ला आकाशमुनि टमाटर खेती गर्दाले करिब ६ लाख घाटा बेहोरेका दाजुभाईले अर्को वर्षबाट प्राविधिक ज्ञान हासिल गरी १० वटा प्लास्टिक टनेल बनाएर तरकारी खेती गरे । प्लास्टिक टनेलबाट अत्याधिक फाइदा हुने देखेपछि हाल ५२ रोपनी जग्गा भाडामा लिएर करिब ४० लाख लगानीमा ५४ वटा टनेलमा आधुनिक तरिकाले व्यावसायिक टमाटर तथा भेडेखोर्सानी, गोबी र सिमी लगायतका तरकारी खेती गर्दै आएका छन् ।

वार्षिक ७० लाखसम्म कारोवार हुने उक्त फर्मको उत्पादित तरकारीको बजार तम्घास, बुटवल तथा स्थानीय बजार समेत रहेको छ । कृषि ज्ञान केन्द्र, गुल्मीबाट ४ लाख र स्थानीय सरकारबाट १ लाख रकम प्राप्त गरेको उक्त फर्मले ३ जनालाई प्रत्यक्ष तथा अप्रत्यक्ष ७ गरी १० जनालाई रोजगारी दिँदै आएको छ । यस व्यवसायलाई अझ विस्तार एवम् व्यवस्थित बनाएर अघि बढ्ने भावी योजना रहेको बताउने उनीहरुले कृषकहरुको आवश्यकता र उत्पादनका आधारमा अनुदान उपलब्ध गराई स्वदेशी उत्पादनलाई प्राथमिकता राख्नुपर्ने कुरामा जोड दिन्छन् ।

### ३. MAGAR'S KITCHEN




गुल्मी धुर्कोट गाउँपालिका वडा नं.३ घर भएका सञ्जय काउछा ३ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा कोरियाको बसाई पछि नेपाल फर्किएका थिए । नेपाल फर्किए पछि विदेशमा प्राप्त गरेको सीप, ज्ञान तथा अनुभवलाई नेपालमै लगाउने निधो गरी २०७६ सालमा बुटवल उप-महानगरपालिका वडा नं.९ तीनकुनेमा करिब रु. ७५ लाख लगानीमा **MAGAR'S KITCHEN** सञ्चालन गरे ।

उनले शुरु गरेको उक्त व्यवसायमा गाउँले परिवेश, परापूर्वकालमा गाउँमा प्रयोग गरिने रैथाने सामाग्री तथा मगर समुदायको रैथाने खानालाई प्राथमिकता दिई स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने गरिन्छ । शुरुवाती समयमा स्थानीय स्तरमा सीमित उक्त व्यवसाय हाल दाङमा समेत विस्तार भएको छ । उक्त व्यवसायले ९ जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ भने वार्षिक करिब रु. ५० लाख बढीको कारोवार हुने गरेको छ । भविष्यमा व्यवसायलाई देशका सबै प्रदेशमा विस्तार गर्ने योजना राखेका उनले स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्नका लागि यस प्रकारका व्यवसायमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई आकर्षित गर्नुपर्ने कुरामा जोड दिन्छन् । विगतका वर्षहरुमा कोभिडका कारण धेरै समस्या भोगेका उनको व्यवसायले हालका दिनहरुमा राम्रो लय समात्न सफल भएकाले उनी सन्तुष्ट रहेको बताउँछन् ।

## अनुसूची - २

### वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक वा निजको एकाघर परिवारका लागि प्रश्नावली

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले "लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रभाव" विषयका सम्बन्धमा एक अध्ययन गर्दैछ । यँहाहरुबाट प्राप्त हुने सूचना तथा प्रतिक्रियाले अध्ययन गर्न सहयोग पुग्ने छ । तसर्थ, तपाईको सूचना तथा प्रतिक्रिया यो अध्ययनको लागि महत्वपूर्ण हुनेछ । यहाँहरुबाट प्राप्त सूचना तथा प्रतिक्रियाहरु यस अध्ययनमा मात्र सीमित गरी तथ्याङ्क ऐन, २०७९ बमोजिम गोप्य राखिने छ

### व्यक्तिगत विवरण

उत्तरदाताको नामः.........................................सम्पर्क नं....................................

वैदेशिक रोजगारीमा गएको व्यक्तिसँगको नाताः श्रीमान् ☐ श्रीमती ☐ बाबा/आमा ☐ अन्य ☐

पारिवारिक सदस्य सङ्ख्या :..............................

(क) १८ वर्षसम्म ☐ (ग) ५१ वर्षदेखि माथि ☐

(ख) १९ वर्षदेखि ५० वर्ष ☐

ठेगाना : ........................................

रोजगारीमा जाने व्यक्तिको विवरण

लिङ्गः. १. पुरुष ☐ महिला ☐ ३. अन्य ☐

उमेर (वर्ष):...........................

शैक्षिक योग्यताः १.आधारभूत ☐ २. मा.वि. ☐ ३. स्नातक ☐ ४. स्नातकोत्तर वा सोभन्दा माथि ☐

वैवाहिक अवस्थाः १.अविवाहित ☐ २. विवाहित ☐ ३.एकल ☐

परिवारको किसिमः १.संयुक्त ☐ २. एकल ☐

वैदेशिक रोजगारीमा रहेको अवधि :.........................

पछिल्लो पटक गएको वर्ष................................

### वैदेशिक रोजगारी सम्बन्धी अन्य विवरण

१. तपाई/पारिवारिक सदस्य वैदेशिक रोजगारीमा गएको गन्तव्य मुलुक कुन हो ?

| देश | ©खाडी | मलेसिया | दक्षिण कोरिया | अमेरिका/क्यानडा | यूरोप | अन्य |
|---|---|---|---|---|---|---|
| काम गरेको वर्ष | | | | | | |

© साउदी अरब, कतार, UAE, बहराइन, कुबेत , ओमन

२. तपाई/तपाईको पारिवारिक सदस्य वैदेशिक रोजगारीमा जानुको मुख्य कारण के होला ?

| राम्रो अवसरको खोजी | पारिवारिक आर्थिक अवस्था सुधार्न | विदेशमा रोजगारीको अवसर भएकोले | ऋण लागेर | अन्य |
|---|---|---|---|---|
| | | | | |

३. तपाई/तपाईको पारिवारिक सदस्य वैदेशिक रोजगारीमा जानु पूर्व कुनै सीपमूलक तालिम लिनु भएको थियो ?

| लिएको | नलिएको |
|---|---|
| | |

यदि लिएको भए .......................

४. तपाई/तपाईको पारिवारिक सदस्य वैदेशिक रोजगारीमा जानु पूर्व स्वदेशमा कुनै पेशा/काम गर्नु हुन्थ्यो ?

क) थियो ☐ ख) थिएन ☐

यदि थियो भने क). सुरक्षा समुह ☐ ख) कुक ☐ ग)ड्राइभर ☐ घ) प्लम्वर ☐ ङ)अन्य ☐

५. तपाई/तपाईको पारिवारिक सदस्यले सम्झौता गर्नु भए अनुरुप काम पाउनु भयो ?

पाएको ☐ नपाएको ☐

६. तपाई/तपाईको पारिवारिक सदस्य वेदेशिक रोजगारीमा आवद्ध भएको काम/पेशा .....................................

## आर्थिक/सामाजिक प्रभाव सम्बन्धी प्रश्नहरु

१.वैदेशिक रोजगारीमा जाँदा/पठाउँदा कति रकम खर्च भएको थियो ? रु. ..........................

२.वैदेशिक रोजगारीका लागि जाँदा लागेको खर्च कसरी व्यवस्था गर्नु भयो ?

| स्वबचत/पारिवारिक सदस्य | बैंक तथा वित्तीय संस्था | सापटी (साथीभाइ/आफन्त/साहुमहाजन) | सहकारी | अन्य. |
|---|---|---|---|---|
| | | | | |

३. वैदेशिक रोजगारीमा जानुपूर्व न्यूनतम मासिक तलब सम्झौता रकम रु. ...........................................

४.सम्झौता अनुरुपको तलब १.पाएको ☐ २. नपाएको ☐

५.तपाई/तपाईको पारिवारिक सदस्यले कुन माध्यमबाट कमाएको पैसा नेपालमा पठाउनु/प्राप्त गर्नु हुन्छ ?

| मनिट्रान्सफर/रेमिट्यान्स कम्पनी | बैंक तथा वित्तीय संस्था | स्वयम्/साथीभाइ | अन्य |
|---|---|---|---|
| | | | |

६.बैंक तथा वित्तीय संस्था/मनिट्रान्सफर मार्फत रकम नपठाउनुको मुख्य कारण के हो ?(मनिट्रान्सफर/बैंक तथा वित्तीय संस्थाबाट विप्रषण प्राप्त नभएको अवस्थामा)

| जानकारी नभएर | शुल्क महँगो भएर | बैंक टाढा भएर | झन्झटिलो प्रक्रिया भएर | अन्य |
|---|---|---|---|---|
| | | | | |

७.अनुमानित वार्षिक आम्दानी/खर्चको अवस्था :

| **जानु पूर्व** | | **गए पश्चात** | |
|---|---|---|---|
| आम्दानी | रु. | आम्दानी | रु. |
| खर्च | रु. | खर्च | रु. |
| बचत | रु. | बचत | रु. |

८.अनुमानित वार्षिक शीर्षकगत खर्चको अवस्था :

| **जानु पूर्व** | | **गए पश्चात्** | |
|---|---|---|---|
| दैनिक उपभोग खर्च | रु. | दैनिक उपभोग खर्च | रु. |
| शिक्षा/स्वास्थ्य | रु. | शिक्षा/स्वास्थ्य | रु. |
| ऋण तिर्न | रु. | ऋण तिर्न | रु. |
| मनोरञ्जन | रु. | मनोरञ्जन | रु. |
| अन्य | रु. | अन्य | रु. |

९. बचत रकमलाई कुन क्षेत्रमा लगानी गर्नुभएको छ ?

क. घर/जग्गा खरिद ☐
ख. नयाँ व्यापार व्यवसायमा ☐
ग. शेयर खरिद ☐
घ. सुन/चाँदी खरिद ☐
ङ. बैंक बचत ☐
च. व्यक्तिगत लगानी ☐
छ. अन्य ☐

१०. वैदेशिक रोजगारी पश्चात् घरको संरचनागत परिवर्तन :

क. भएको ☐ ख. नभएको ☐

यदि भएको भए ,

क. जस्तापाताको छानो ☐
ख. घर निर्माण ☐
ग. तला थपेको ☐
घ. मर्मत सम्भार ☐
ङ. अन्य ☐

११. यातायातका साधनको प्रयोग :

| **जानु पूर्व** | | **गए पश्चात्** | |
|---|---|---|---|
| | | **विवरण** | |
| **विवरण** | | जानु पूर्वकै अवस्था | थप/उच्च गुणस्तरीय |
| साईकल | | | |
| मोटर साईकल/स्कुटर | | | |
| रिक्सा/ई-रिक्सा/ट्याम्पु | | | |
| निजी कार | | | |
| सार्वजनिक यातायात | | | |
| अन्य | | | |

१२. घरायसी सरसामानहरुको प्रयोग :

| जानु पूर्व | | गए पश्चात् | |
|---|---|---|---|
| | | विवरण | |
| विवरण | | जानु पूर्वकै अवस्था | थप/उच्च गुणस्तरीय |
| कार्पेट/गलैचा | | | |
| सोफा सेट | | | |
| खाट/पलङ | | | |
| दराज | | | |
| रुम हिटर | | | |
| कुलर/एसी/गिजर | | | |
| फ्रिज | | | |
| वासिङ मेसिन | | | |
| अन्य | | | |

१३.सञ्चार साधनहरुको प्रयोग :

| जानु पूर्व | | गए पश्चात | |
|---|---|---|---|
| विवरण | | विवरण | |
| रेडियो | | रेडियो | |
| टेलिभिजन | | टेलिभिजन | |
| इन्टरनेट | | इन्टरनेट | |
| मोबाईल/टेलिफोन | | मोबाईल/टेलिफोन | |
| Computer/Laptop/Tablate | | Computer/Laptop/Tablate | |
| अन्य | | अन्य | |

१४.खानेपानीको प्रयोग :

| जानु पूर्व | | गए पश्चात् | |
|---|---|---|---|
| विवरण | | विवरण | |
| मूल/पंधेरा/नदी/झरना | | मूल/पंधेरा/नदी/झरना | |
| ह्यान्डपम्प | | ह्यान्डपम्प | |
| खानेपानी धारा | | खानेपानी धारा | |
| सामान्य फिल्टर | | सामान्य फिल्टर | |
| आधुनिक फिल्टर | | आधुनिक फिल्टर | |
| अन्य....... | | अन्य....... | |

१५.सन्ततिहरुको शिक्षामा पहुँचको अवस्था :

| जानु पूर्व | | गए पश्चात् | |
|---|---|---|---|
| सरकारी विद्यालय/कलेज | | सरकारी विद्यालय/कलेज | |
| सामुदायिक विद्यालय/कलेज | | सामुदायिक विद्यालय/कलेज | |
| निजी विद्यालय/कलेज | | निजी विद्यालय/कलेज | |
| वैदेशिक अध्ययन | | वैदेशिक अध्ययन | |

१६.बैक पहुँचको अवस्थाः

| **जानुपूर्व** | | **गएपश्चात्** | |
|---|---|---|---|
| बचत खाता | | बचत खाता | |
| कर्जा खाता | | कर्जा खाता | |

१७.आर्थिक कारोवारमा नगद भुक्तानी/प्राप्त गर्ने क्रममा कुन विधि/माध्यम प्रयोग गर्नुहुन्छ ?

| **जानु पूर्व** | | **गए पश्चात्** | |
|---|---|---|---|
| नगद | | नगद | |
| चेक | | चेक | |
| विद्युतीय भुक्तानी माध्यम | | विद्युतीय भुक्तानी माध्यम | |
| अन्य | | अन्य | |

१८.प्राप्त रकमको खर्च/बचत लगानीको निर्णय कसले गर्ने गर्दछ ?

१.पारिवारिक सल्लाहबाट ☐
२.श्रीमान/श्रीमतीबाट ☐
३.स्वयम्बाटै ☐
४.अन्य ☐

१९.वैदेशिक रोजगारी पश्चात्को बसाईसराई :

क. भएको ☐ ख. नभएको ☐

यदि भएको भए,

क. स्थायी रुपमा ☐

ख. अस्थायी रुपमा ☐

२०. संघ संस्थामा आबद्धता :

| **जानु पूर्व** | | **गए पश्चात्** | |
|---|---|---|---|
| विवरण | | विवरण | |
| लघुवित्त | | लघुवित्त | |
| सहकारी | | सहकारी | |
| अन्य सामाजिक संघसंस्था | | अन्य सामाजिक संघसंस्था | |

२१. स्वास्थ्य सेवाको पहुँच :

| जानु पूर्व | | गए पश्चात | |
|---|---|---|---|
| **विवरण** | | **विवरण** | |
| परम्परागत शैली (धामी/झाँक्री) | | परम्परागतशैली (धामी/झाँक्री) | |
| सरकारी अस्पताल/स्वास्थ्य चौकी | | सरकारीअस्पताल/स्वास्थ्य चौकी | |
| निजी/क्लिनिक/अस्पताल | | निजी/क्लिनिक/अस्पताल | |
| नियमित स्वास्थ्य परिक्षण | | नियमित स्वास्थ्य परिक्षण | |
| अन्य | | अन्य | |

२२. तपाईलाई स्वास्थ्य बीमाको बारेमा जानकारी छ ?

१. छ ☐ २. छैन ☐

यदि छ भने, आबद्धता

१. भएको ☐ २. नभएको ☐

२३. तपाई वैदेशिक रोजगारमा गएको अवस्थामा बच्चाहरुको स्याहार सुसार/पालन पोषण कसले गर्ने गर्दछ ?

१. बुवा/आमा ☐
२.हजुरबुवा/हजुरआमा ☐
३.माईती ☐
४. पारिवारिक अन्य सदस्य ☐
५. होस्टेल /वोर्डस ☐
६. स्याहार गर्ने कोहि नभएको ☐
७. अन्य ☐

**२४. वैदेशिक रोजगारीले तपाईको परिवारमा ल्याएको प्रभाव**

**क) पारिवारिक/सामाजिक प्रभाव :**

| विवरण | बिग्रिएको | कमजोर | यथावत् | सुधार |
|---|---|---|---|---|
| वैवाहिक सम्बन्ध | | | | |
| पारिवारिक सम्बन्ध | | | | |
| सामाजिक सम्बन्ध | | | | |
| पारिवारिक/सामाजिक सुरक्षा | | | | |

**ख) आर्थिक प्रभाव :**

| विवरण | बढेको | यथावत् | घटेको |
|---|---|---|---|
| खेतीयोग्य जमिन | | | |
| घर/घडेरी खरिद | | | |
| व्यापार/व्यवसाय | | | |
| शेयर कारोवार | | | |
| गर गहना | | | |
| बचत | | | |
| दैनिक उपभोग खर्च | | | |
| चाडपर्व/मनोरञ्जन/सामाजिक खर्च | | | |

२५. वैदेशिक रोजगारीका समसामयिक समस्याहरु के के होला ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

२६. वैदेशिक रोजगारीमा देखिएका समस्याहरुको समाधानका उपायहरु के के होला ?

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**धन्यवाद ।**

## अनुसूची - ३

### स्थानीय निकायका प्रतिनिधिहरु तथा सम्बन्धित विषयमा जानकार व्यक्तिहरुको लागि प्रश्नावली

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले "लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रभाव " विषयका सम्बन्धमा एक अध्ययन गर्दैछ । यँहाहरुबाट प्राप्त हुने सूचना तथा प्रतिक्रियाले अध्ययन गर्न सहयोग पुग्ने छ । तसर्थ, तपाईको सूचना तथा प्रतिक्रिया यो अध्ययनको लागि महत्वपूर्ण हुनेछ । यहाँहरुबाट प्राप्त सूचना तथा प्रतिक्रियाहरु यस अध्ययनमा मात्र सीमित गरी तथ्याङ्क ऐन, २०७९ बमोजिम गोप्य राखिने छ ।

**विवरण**

**स्थानीय निकायको नाम :**..........................................................................................

**उत्तरदाताको नाम :** ..........................................................................................

**पेशाः**........................................**पद**............................**सम्पर्क नं**...................................

**संग्लन संस्था :** ..........................................................................................

---

१.तपाईको पालिकाबाट करिब कति सङ्ख्यामा वैदेशिक रोजगारीमा हुनुहुन्छ ?...................

२.वैदेशिक रोजगारीका कारणले समाजमा के कस्ता असरहरु परेका छन् ?

सामाजिक ..........................................................................

आर्थिक ..........................................................................

३. वैदेशिक रोजगारीका कारण पारिवारिक संरचनामा के कस्ता परिवर्तनहरु आएका छन् ?

..........................................................................................................

..........................................................................................................

४. वैदेशिक रोजगारीका कारण स्थानीय क्षेत्रको विकासमा कस्तो असर परेको छ ?

(क) सकारात्मक ☐

(ख) नकारात्मक ☐

कारणहरु..........................................................................................................

..........................................................................................................

५. वैदेशिक रोजगारीका कारण कृषि क्षेत्रमा के कस्ता असरहरु परेको देख्नुहुन्छ ?

(क) सकारात्मक ☐

(ख) नकारात्मक ☐

कारणहरु......................................................................................................................

..........................................................................................................................

६.यस क्षेत्रबाट वैदेशिक रोजगारीमा गएका परिवारको खर्च गर्ने प्रवृत्ति कस्तो पाउनुहुन्छ ?

...................................................................................................................................

.................................................................................................................................

७.तपाईको स्थानीय तहमा वैदेशिक रोजगारीमा गएका परिवारहरुको विगत ५ वर्षको बसाईसराईको स्थिति कस्तो छ ?

जाने सङ्ख्या

आउने सङ्ख्या

८. वैदेशिक रोजगारीको सट्टा स्वदेशमै रोजगारी दिने कुनै योजना/कार्यक्रमहरु तर्जुमा गर्नु भएको छ अथवा भावी योजना के छ ?

(क) छ ☐

(ख) छैन ☐

यदि छ भने,..................................................................................................................

भावी योजनाहरु,...........................................................................................................

.......................................................................................................................................

**धन्यवाद ।**

## अनुसूची -४
### स्थानीय उद्योगी व्यवसायीहरुसँगको अन्तर्वार्ता

नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयले "लुम्बिनी प्रदेशमा वैदेशिक रोजगारीले आर्थिक सामाजिक क्षेत्रमा पारेको प्रभाव" विषयका सम्बन्धमा एक अध्ययन गर्दैछ । यँहाहरुबाट प्राप्त हुने सूचना तथा प्रतिक्रियाले अध्ययन गर्न सहयोग पुग्ने छ । तसर्थ, तपाईको सूचना तथा प्रतिक्रिया यो अध्ययनको लागि महत्वपूर्ण हुनेछ । यहाँहरुवाट प्राप्त सूचना तथा प्रतिक्रियाहरु यस अध्ययनमा मात्र सीमित गरी तथ्याङ्क ऐन, २०७९ बमोजिम गोप्य राखिने छ ।

**विवरण**

**उद्योग/व्यवसायको नाम :**...................................................................

**उत्तरदाताको नाम : श्री**.......................................................**पद**..................

**ठेगाना :**...............................................................**सम्पर्क नं**..................

१.तपाईको उद्योग/व्यवसायमा कामदार सङ्ख्या कति छन् ?........................

(क) स्वदेशी : ...........जना (महिला.........., पुरुष..........., अन्य.............जना)

(ख) विदेशी :...........जना (महिला.........., पुरुष..........., अन्य.............जना)

२.तपाईको उद्योग/व्यवसायमा नयाँ कामदार भर्ना गर्दा कस्तो प्रक्रिया अपनाउनु हुन्छ ?

(क) विज्ञापन गरेर/प्रतिस्पर्धाबाट

(ख) सिधै श्रम बजारबाट

(ग) अन्य ..........................................................................

३.तपाईको उद्योग/व्यवसायमा कर्मचारी/कामदारहरु औसतमा के कति अवधि काम गर्ने गर्दछन् ?

क) दक्ष कामदार ☐

(ख) अर्धदक्ष कामदार ☐

(ग) अदक्ष कामदार ☐

४.तपाईको उद्योग/व्यवसायको लागि चाहिने स्वदेशी कामदार/कर्मचारीहरु माग अनुरुप उपलब्ध हुन्छन् ?

(क) हुन्छन् ☐

(ख) हुँदैनन् ☐

यदि, हुँदैनन् भने कारण..............................................................................................................

...........................................................................................................................

५.के कस्ता कारणहरुले कामदार/कर्मचारीहरुले व्यवसाय/उद्योग छाड्ने गर्दछन् ?

...........................................................................................

...........................................................................................

६.तपाईको उद्योग/व्यवसायमा कस्ता प्रकृतिका कामदार/कर्मचारीहरुको अभाव हुने गर्दछ ?

क) अदक्ष कामदार ☐

(ख) अर्धदक्ष कामदार ☐

(ग) दक्ष कामदार ☐

७.वैदेशिक रोजगारीका कारण उद्योग/व्यवसायमा के कस्ता असरहरु परेका छन् ?

लागत ..............................................................................................

उत्पादन ...........................................................................................

८.यदि प्रतिकुल असर परेको भए, कम गर्न के गर्नु पर्ला ?

नेपाल सरकारको तर्फबाट...........................................................................

......................................................................................................

स्थानीय निकायको तर्फबाट.........................................................................

......................................................................................................

**धन्यवाद ।**